म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १२७ बुधबार, ३ पुस २०८१ ने. सं. ११४५ थिलागा 18 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

प्रदेशका उत्कृष्ठ कवितावाचन हुने

हेटौंडा, २ पुस/ प्रदेश युवा परिषद, बागमती प्रदेशको आयोजना एवम् साहित्य संगम मकवानपुरको सहकार्यमा आयोजना हुन लागेको खुला कविता प्रतियोगिताका लागि उत्कृष्ट २० कविता छनोट गरिएको छ । उत्कृष्ट २० कविताका साथै कविको नामावली सार्वजनिक गरिएको हो । पुस १ गते प्रकाशित सूचनाबमोजिम प्राप्त २२३ कवितामध्ये बारा, पर्वत, दैलेख, तनहु, सिन्धुली, धनकुटा, दोलखा, बझाङ, संखुवासभा, सिन्धुपाल्चोक, नुवाकोट, उदयपुरका १/१, धादिङ र कास्की २/२ र मकवानपुरका ४ कविहरुका कविता छनोटचरणमा परेको साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौलाले जारी दिए । प्रतियोगितामा उत्कृष्ट २० मा पर्न सफल कवि स्वयम् उपस्थित भई पुस ६ गते कवितावाचन गर्नुपर्नेछ । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेले क्रमशः नगद ४० हजार, ३० हजार, २० हजार र १० हजार रुपैयाँसहित प्रमाणपत्र पाउने आयोजकले जनाएको छ । प्रदेश युवा परिषद बागमतीको आयोजनामा हुने राष्ट्रिय युवा कविता उत्सवमा खुला कविता प्रतियोगितासँगै मोमिला जोशीको एकल कवितावाचनसत्र हुने संगम अध्यक्ष बर्तौलाले बताए । मकवानपुरका स्रस्टा लगायतका पुस्तकहरु प्रदर्शनीमा राखिने समेत बर्तौलाले जानकारी दिए ।

ठूला दुई विद्यालयको एकीकरण प्रक्रिया अघि बढ्यो

भानुभक्त आचार्य

हेटौंडा, २ पुस/ मकवानपुरको दुई ठूला विद्यालय एकीकरणको प्रक्रिया अगाडि बढेको छ । हेटौंडा-४ मा रहेको आधुनिक राष्ट्रिय मावि र भुटनदेबी माविबीच एकीकरणको प्रक्रिया अगाडि बढाइएको हो ।

दुबै विद्यालय व्यवस्थापन समितिको एकीकरणमा जाने सहमतीय निर्णयसहित वडा कार्यालयको सिफारिस मंगलबार उपमहानगर प्रमुख मीनाकुमारी लामालाई बुझाइएको छ । मेघा विद्यालय बनाउने अवधारणासहित पहिलो चरणमा दुई ठूला विद्यालयले एकीकरणको प्रक्रिया थालनी गरेका हुन् । शिक्षा मन्त्रालयले विद्यार्थी संख्या न्युन भएको विद्यालय नजिकैको विद्यालयमा मर्ज गर्ने प्रावधान ल्याएको भएपनि ग्रामीण क्षेत्रमा विद्यालय मर्ज गर्ने विषयमा ठूलो बिबाद भइरहेको अवस्थामा हेटौंडामा सबैभन्दा धेरै विद्यार्थी अध्ययन गर्ने दुई विद्यालय एकीकरण हुन लागेका हुन् ।

उपमहानगरपालिका-४ का वडाअध्यक्ष नबीन सिग्देलले हेटौंडाका दुई ठूला विद्यालय एकीकृत गरी 'मेघा विद्यालय' बनाउने अवधारणा अगाडि बढेको बताए । दुबै विद्यालय व्यवस्थापन समितिको निर्णयसहित वडाको सिफारिस लिएर नगरप्रमुखसमक्ष पुगेका टोलीलाई नगरप्रमुख लामाले अब प्रक्रिया अगाडि बढ्ने बताइन् । आरामाविमा करिब २८ सय बालबालिका र भुटनदेबी माविमा २२ बालबालिका अध्ययनरत छन् ।

भुटनदेबीमा प्राबिधिक धारका विषयमा पनि अध्यापन गराइन्छ । दुबै विद्यालय एकीकृत गर्दा अहिले नै ५ हजार विद्यार्थी हुनेछन् । नेपालको सबैभन्दा ठूलो मानिएको बुटवलको कालिका माविमा करिब ८ हजार विद्यार्थी रहेका छन् ।

'हरेक वर्ष प्रबेशपरीक्षा दिने एक हजार पाँचसय विद्यार्थीलाई भर्ना लिन सकेका छौंनौं' आरामाविका प्रधानाध्यापक रामसागर गुरागई भन्छन्-'पर्याप्त कक्षाकोठा र जनशक्ति भएको अवस्थामा चार हजारदेखि ४५ सय विद्यार्थी यही विद्यालयमा हुनेथिए । भुटनदेबी मावि र आरामावि एकीकृत गरी मेघा विद्यालय संचालन गर्ने विषयमा करिव ५ महिना अघि बहस अगाडि बढाइएको प्रश्न गुरागाईले बताए । दुबै विद्यालय एकीकृत गरी राम्रोसँग व्यवस्थापन गर्ने हो भने बुटवलको कालिका माविमा भन्दा धेरै विद्यार्थी हुनेछन् ।

हेटौंडा प्रदेशको राजधानी पनि भएका कारण मेघा विद्यालय संचालन गरी हेटौंडालाई शैक्षिक हव बनाउने गरी अगाडि बढ्न खोजेको सिग्देलले बताएका छन् । १० हजार विद्यार्थी अध्ययन गर्नसक्ने भौतिक पूर्वाधार निर्माण गर्ने र गुणस्तरीय शिक्षा दिएर उत्कृष्ठ विद्यार्थी उत्पादन गर्ने लक्ष्यका साथ प्रक्रिया अगाढि बढाइएको वडाअध्यक्ष सिग्देलले जानकारी दिएका छन् । चित्लाङमा संचालनमा आएको मदन भण्डारी प्राविधिक विश्वविद्यालय, प्रदेश सरकारले मकवानपुर बहुमुखी क्याम्पसलाई प्रादेशिक विश्वविद्यालय बनाउन गरिरहेको गृहकार्यलाई पनि मेघा विद्यालय संचालनले सहयोगी साबित हुनेछ ।

हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा क्याम्पस, मकवानपुर बहुमुखी क्याम्पस, त्रिविअन्तर्गतको वनविज्ञान अध्ययन संस्थान, नारयणी कलेज, सहीद आकाश मेमोरियल कलेज, एएफयू अन्तर्गतको कृषि तथा वनविज्ञान क्याम्पसले हेटौंडामा उच्चशिक्षा अध्यापन गराइरहेका छन् । यी सबै उच्चशिक्षा अध्यापन गर्ने कलेजले गुणस्तरीय विद्यार्थी पाउन सकने सम्भावना बढेको सिग्देल बताउँछन् । 'हेटौंडालाई शैक्षिक हवको रुपमा विकास गर्न पनि यो निर्णय प्रभावकारी हुनेछ' वडाअध्यक्ष सिग्देलले साझाकुरासँग भने ।

वडाअध्यक्ष सिग्देल लगायत जनप्रतिनिधि, आरामावि र भुटनदेबी मावि व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक संघका प्रतिनिधिलगायत टोली छलफलमा जुटेको छ । दुई वा दुई भन्दा बढी विद्यालय एकीकृत गरी मेघा विद्यालय संचालन गर्दा प्रशासनिक खर्च कम हुने, गुणस्तरीय शिक्षा दिन सकिने, सामुदायिक विद्यालयप्रतिको बिश्वसनीयता बृद्धि गर्न सकिने, हेटौंडालाई शैक्षिक हवको रुपमा विकास गर्न सकिने जस्ता धेरै उपलब्धी हुने वडाअध्यक्ष सिग्देल बताउँछन् ।

भुटनदेबी मावि व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका वडाअध्यक्ष सिग्देल भन्छन्-'स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरेर मेघा विद्यालय संचालनका लागि अगाडि बढ्नेछौं ।' भुटनदेबी माविसँग भएको जमिनलगायतका स्रोतलाई पूर्णरुपमा सदुपयोग गर्नका लागि मेघा विद्यालय संचालन गर्नुपर्ने सिग्देल बताउँछन् । हरेक वर्षको प्राविधिक धारसहितको प्रबेश परीक्षामा करिव एक हजार विद्यार्थीलाई भर्ना लिन नसकेको अवस्था रहेको भुटनदेबी माविका प्रश्न माधवप्रसाद दाहालले जानकारी दिए ।

यो विद्यालयमा ईन्जिनियरिङ तर्फ कक्षा ९-१२ मा करिव २ सय जना विद्यार्थी अध्ययन गरिरहेका छन् । बिग स्कूल संचालन गर्दा सबैपक्षलाई फाइदा पुग्ने प्रश्न दाहालको धारणा छ । २०१६ सालमा स्थापना भएको भुटनदेबी मावि हेटौंडा नगरकै पहिलो विद्यालय हो । बिगत १५ वर्षदेखि नेपालको उत्कृष्ठ विद्यालयमध्ये एक मानिने आरामावि व्यवस्थापन समितिका अध्यक्ष मोहम्मद समिम खानका अनुसार बिग स्कूलको अवधारणामा छलफल अगाडि बढेको छ । नेपाल सरकारले दर्बन्दी मिलान गर्ने, विद्यालय मर्ज गर्ने, मेघा विद्यालयको सम्भाब्यतामा छलफल गर्ने काम स्थानीय तहलाई नै सुम्पेको अवस्था छ ।

मुलुकभरका विद्यालयबाट आरामाविको व्यवस्थापन, शैक्षिक गतिविधि अध्ययन गर्ने टोली आइरहेका हुन्छन् । मेघा विद्यालय संचालन गर्दा आउनसक्ने सम्भावित चुनौतीका बारेमा अध्ययन भइरहेको उपमहानगरको शिक्षा शाखाले जनाएको छ । उपमहानगरको कार्यपालिका बैठकमा मेघा विद्यालयको विषयमा छलफल हुने र आवश्यक परेको खण्डमा नगरपरिषद्बाट पारित गरिने बताइएको छ ।

बुद्धचोकमा उभिएर शिक्षामा सुधारको माग गर्दै आन्दोलन

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ सार्वजनिक शिक्षाप्रणाली सुधारको माग गर्दै एक युवाले हेटौंडाको बुद्धचोकमा उभिएर आफ्ना धारणा राखेका छन् । पोखराका युवा नेत्र चापागाई सोमबार हेटौंडाको बुद्धचोकमा उभिएर शिक्षामा सुधारको माग गरिरहेका थिए ।

चापागाईं शिक्षा सुधारका माग लिएर केबल एक्लो व्यक्ति उभिरहेका थिए । बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म टाउकोमा कागजको टोपी, ज्यानमा पम्पप्लेट लगाएर फरक रुपमा आन्दोलनमा छन् उनी । बुद्धचोक हुँदै यात्रा गर्दा ती पात्रलाई देख्नेहरु दङ्ग देखिन्थे । पुसमा जाडोमा ती पात्रको शिरमा कागजको टोपी थियो । कागजको टोपीमा 'ताराबाजी लैलै, शिक्षामा सुधार खै ?' लेखिएको थियो । छातीमा 'हामी शीपमुलक शिक्षा, उद्यमशील समाज, सम्मानित शिक्षक, आकर्षक विद्यालय चाहन्छौं' अर्को '१५ सुत्रीय माग पुरा गरियोस्' पम्पप्लेट थियो ।

सँगै सडक किनारको अशोकको रुखमा १५ बुँदे मागका ब्यानर झुड्याएर उभिरहेका पात्र हुन्, कास्कीका चापागाईं । उनी सार्वजनिक शिक्षा सुधारका लागि भन्दै हेटौंडाका बुद्धचोकमा एक्लै उभिएका हुन् । नेपाल समाजवादी पार्टीनिकट सामाजवादी विद्यार्थी युनियनको अध्यक्ष चापागाईंले शिक्षा सुधारका सरकारसंग १५ बुदेँ माग राखेका थिए । मागलाई सरकारले नयाँ शिक्षा ऐनमा राख्न चासो नदेखाएपछि असोज ९ गते पोखराको मानवअधिकारचोकबाट उभिएर आन्दोलन थालेका हुन् ।

माग सम्बोधन गर्न सरकारलाई दबाब दिन आफ्नो माग ज्यानमा भिरेर देश दौडाहामा निस्किएका हुन् । देशदौडाहा अभियानअन्तरर्गत उनी धनगढी, नेपालगञ्ज, सुर्खेत, विराटनगर हुँदै हेटौंडा आईपुगेका हुन् । गत जेठमा काठमाडौं माइतीघरमा 'गुणस्तरीय शिक्षाको आधार, ईसीडी शिक्षामा सुधार' भन्ने नारासहित उभिएर सरकारलाई दबाब दिएका चापागाईंसँग माग पूरा गर्ने तत्कालीन शिक्षामन्त्री सुमना श्रेष्ठले प्रतिबद्धता जनाएकी थिइन् ।

सरकार परिवर्तनसँगै आएको नयाँ शिक्षामन्त्रीलाई ध्यानार्कषण गराउँदा चासो नदेखाएपछि शिक्षा सुधारको १५ बुँदे माग लिएर देशको सातै प्रदेशको राजधानीमा दुई दिन ८ घण्टा उभिएर प्रदर्शन गरिएको चापागाईंले बताए । नयाँ शिक्षा ऐन बनाएर कार्यान्वयनमा ल्याउनु पर्ने र ऐनमा इसिडी शिक्षालाई विद्यालय शिक्षाका मान्यता दिने शिक्षा ऐनको सुनिश्चितता हुनुपर्ने, इसिडी सरकारको प्राथमिक विषय बन्नुपर्ने, सार्वजनिक शिक्षामा आकर्षक वातावरण निर्माण गर्न सरकारले अभिभावक जागरण अभियान सञ्चालन गर्नुपर्ने उनको माग छ ।

देशको प्रमुखसहरमा प्रर्दशन गर्दा पनि माग पुरा भएनभने जनकपुरपछि पुनः काठमाडौं माइतीघरमा उभिएर आन्दोलन सुरु गर्ने चापागाईंले बताए । पूर्व शिक्षामन्त्री श्रेष्ठसँग भएको सहमति पूर्णरुपमा कार्यान्वयन गर्न चापागाईको माग छ । 'शिक्षामन्त्री चेन्ज गर्ने आन्दोलन होइन, शिक्षाक्षेत्र चेन्ज गर्न हो, यो मेरो आन्दोलन होइन, राज्य, शिक्षामन्त्री अनि प्रधानमन्त्रीको पनि आन्दोलन हो,' उनले भने, 'म माग पुरा नभएसम्म उभिइरहन्छु ।'

आफूले राखेको माग कार्यान्वयनमा ल्याए राज्यले शिक्षा क्षेत्रको प्रगतिमा ठुलो छलाङ मार्ने उनको दाबी छ । उनको मागलाई ऐक्यबद्धता जनाउन नेपाल समाजवादी पार्टी, मकवानपुरका उपाध्यक्ष हरिहर खतिवडा, केन्द्रीय सदस्य राजेन्द्र सिंखडा (दाह्रीबा) र जिल्ला इन्चार्ज इजहार आलम लगायतको उपस्थिति रहेको थियो ।

बागमती प्रदेश लिग फुटबलको तयारी तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/दोश्रो संस्करणको बागमती प्रदेश लिग फुटबल प्रतियोगिता यही पुस १० गतेबाट हेटौंडामा हुने भएको छ । मंगलबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै बागमती प्रदेश फुटबल संघले प्रतियोगिताको बारेमा जानकारी गराएको हो ।

हेटौंडा उपमहानगर पालिका-५ स्थित पिप्लेक्याम्पा रंगशालामा हुने प्रतियोगितामा प्रदेशका ११ जिल्लाका लिग च्याम्पियनले सहभागिता जनाउने संघका कार्यबाहक अध्यक्ष राजीव बस्नेतले जानकारी दिए । अखिल नेपाल फुटबल संघ (एन्फा) को वार्षिक कार्यक्रमअनुसार नै प्रतियोगिता सञ्चालन हुन लागेको उनले बताए । लिग कम नकआउट अवधारणामा हुने प्रतियोगिताको फाइनलमा पुग्ने दुईवटा टिमले एन्फाले आयोजना गर्ने राष्ट्रिय फुटबल लिगमा सहभागिता जनाउने संघका कार्यबाहक अध्यक्ष बस्नेतले जानकारी दिए ।

लिगमा यो वर्ष मकवानपुरबाट पदमपोखरी युवा क्लब, बिएफसी चितवन, धुनिवेशी युथ समाज धादिङ, बट्टर युथ क्लब नुवाकोट, चित्लाङ फुटबल क्लब काठमाडौं, थिमी युथ क्लब भक्तपुर, माउन्ट एभरेस्ट एफसी काभ्रे, चौतारा स्पोर्टिङ सिन्धुपाल्चोक, टाइगर टिम दोलखा, ब्लु अल्पाइन सिन्धुली र ललितपुरको क्लब सहभागी हुनेछन् । पत्रकार सम्मेलनमा बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव दीपक लामाले ट्राइसिट सार्वजनिक गरेका थिए ।

प्रतियोगितामा बिजेता तथा उपविजेताले नगद २ लाख र एक लाख सहित शिल्ड तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा ३१ लाख रुपैयाँ खर्च हुने अनुमान आयोजकले गरेको छ । गतवर्षको पहिलो संस्करणको उपाधि धादिङले जितेको थियो ।

नेपाल पत्रकार महासंघ बागमती प्रदेशको पदभार

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको नवनिर्वाचित कार्यसमितिका पदाधिकारीलाई प्रमाणपत्र वितरण तथा पद हस्तान्तरण गरिएको छ । निवर्तमान बनेको कार्यसमितिले नयाँ कार्यसमितिलाई पद हस्तान्तरण गरेको हो ।

मंसिर २८ गते देशभरमा पत्रकार महासंघको निर्वाचन भएको थियो । बागमती प्रदेशमा निर्वाचित नयाँ कार्यसमितिलाई निर्वाचन समितिका संयोजक प्रताप विष्ट र नानीमैयाँ कार्की (सम्झना) ले प्रमाणपत्र वितरण गरे । मंगलबार बिहान हेटौंडा-११ थानाभन्याङस्थित महासंघको कार्यालयमा निर्वाचन समितिले कृष्ण सारुमगरको नेतृत्वमा नवनिर्वाचित समितिलाई प्रमाणपत्र वितरण गरेको हो । कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका निवर्तमान अध्यक्ष शिव देवकोटाको अध्यक्षतामा भएको थियो ।

नवनिर्वाचित समितिको कार्यकाल ३ वर्षको हुनेछ । पदस्थापन समारोहलाई सम्बोधन गर्दै अध्यक्ष सारुमगरले सबैको साथ र सहयोगमा अध्यक्षको जिम्मेवारी प्राप्त भएको, सबैको साथ र सहयोगमा महासंघ सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका संस्थापक अध्यक्ष समेत रहेका निर्वाचन समिति संयोजक विष्टले तीनपटक मिति तय भएर पनि निर्वाचन हुन नसक्दा कमजोर बनेको महासंघ निर्वाचन सम्पन्न भएसँगै सवल देखिएको बताए ।

पदभारग्रहणलगतै बसेको समितिको बैठकले पत्रकार महासंघ बागमती प्रदेशका लागि संस्थापक अध्यक्ष विष्टको संयोजकत्वमा जग्गा प्राप्ति र भवन निर्माण गर्नका लागि समिति गठन गरेको छ । कार्यक्रममा महासंघको प्रदेश उपाध्यक्ष हरि हुमागाई, महासचिव राधेश्याम खतिवडालगायतको उपस्थिति रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N_2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

प्रदेशको साझा चुनौती

बागमती प्रदेश सरकारले लागूऔषध ओसारपसार र प्रयोगकर्ताको बढोत्तरीदेखि रास्वपाको भेलासम्मलाई सुरक्षा चुनौतीका रुपमा लिएको छ । प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रालयले संघीय गृह मन्त्रालयलाई मकवानपुरको गाँजा उत्पादन र सीमावर्ती क्षेत्रबाट औषधिजन्य लागूऔषध भित्रिएको विषयलाई गम्भीर चुनौतीका रुपमा लिएका जानकारी दिएको छ । प्रदेशमा लागूऔषध उत्पादन, ओसारपसार तथा प्रयोगकर्ताको संख्यामा बढोत्तरीलाई चुनौती मानिएको हो । बामगतीको मकवानपुर, धादिङ, नुवाकोटलगायत जिल्लामा अबैध गाँजाखेती हुँदै आएको छ । पूर्वी सीमाबाट बागमती प्रदेश हुँदै हुने औषधिजन्य लागूऔषधको ओसारपसार चुनौतीका रुपमा रहेको विश्लेषण छ । हेटौंडाको पूर्वी र दक्षिणभेगमा रहेको तराईका सीमाक्षेत्र अर्थात् मुख्यगरी सीमावर्ती बजार रक्सौलाबाट बागमती प्रदेशभित्र लागूऔषध धेरै ओसारपसार हुने गरेको छ । धादिङ, मकवानपुर, चितवनमा उत्पादन भएका गाँजा र अफिमहरु भारत निर्यात हुने गरेको छ । यसलाई प्रदेश सरकारले ठूलो चुनौतीको रुपमा देखेको हो ।

सडक दुर्घटना बढ्दो क्रममा छन् भने सिन्धुपाल्चोक, रामेछाप, दोलखा, रसुवालगायतका जिल्लामा हाइड्रोपावर र स्थानीयवासी बीचमा प्रभावकारी समन्वय अभाव हुँदा द्वन्द्व सिर्जना हुने गरेका छन् । पूर्वपश्चिम राजमार्ग, हेटौंडा-सिन्धुली, सिन्धुली-बनेपा-काठमाडौं, पृथ्वी राजमार्ग, अर निको राजमार्गमा बढी सवारी दुर्घटना हुने गरेको प्रदेश सरकारको तथ्यांक छ । अर्कोतर्फ बागमती प्रदेशका बिभिन्न जिल्लामा भइरहेको नदीजन्य पदार्थको उत्खनन् र दोहनले सुरक्षामा प्रभाव पारिरहेको छ । बागमतीमा प्रविधिको दुरुपयोग र साइबर अपराधमा वृद्धि अर्को चुनौतीको विषय हो । चितवन, मकवानपुरमा मानव वन्यजन्तुबीचको द्वन्द्व पनि सुरक्षा चुनौतीका रुपमा रहेको छ । आर्थिक, सामाजिक र लैंङ्गिकहिंसाका कारण आत्महत्यामा वृद्धि भएको छ, आर्थिक अपराध तथा अनुचित लेनदेनले पनि सुरक्षा चुनौती बढेको छ । चितवन, दोलखा, रसुवा र सिन्धुपाल्चोकमा सीमापार अपराध र तस्करी पनि बढ्दो क्रममा छ । बागमती प्रदेश सरकारले संयोजन गरेको शान्तिसुरक्षा र विपद् व्यवस्थापनसम्बन्धी अन्तरप्रदेश कार्यशालाको सन्दर्भमा सहभागी प्रदेशका सचिवहरुसँग गृह मन्त्रालयले सुरक्षा चुनौतीबारे ब्रिफिङ लिएको हो । गृह मन्त्रालयले आफ्नो च्यानलबाट नियमित ब्रिफिङ लिइरहेको हुन्छ । प्रादेशिक सुरक्षा निकायको भेलाबाट देशको समग्र शान्तिसुरक्षाको मूल्यांकन गर्न सहयोग पुग्ने भन्दै कार्यशाला आयोजना गरिएको थियो ।

नेपालका सातवटै प्रदेशको सुरक्षा चुनौती उस्तैउस्तै छन् । खुला सीमानाका कारण हुनसक्ने सम्भावित आपराधिक गतिविधि, अर्थतन्त्रमा आएको शिथिलतासँगै उत्पन्न परिस्थिति र लोकतन्त्रको दुरुपयोग गर्ने जमातबाट पनि सुरक्षा चुनौती रहेको विश्लेषण गरिएको छ । खुलासीमाका कारण भइरहेको अन्तरदेशीय अपराध मुख्य सुरक्षा चुनौतीको रुपमा रहेको छ । अबैध हातहतियार र लागूऔषधको कारोबार र तस्करी मधेशको मुख्य चुनौतीका रुपमा देखापरेको छ । विद्युतीय अपराध, आत्महत्याका घटना, बालबालिकाको अपराधमा संलग्नता, गरिबी, बेरोजगारी र अशिक्षाले सुरक्षामा चुनौती थपिरहेको छ । प्राकृतिक स्रोत दोहनले पनि सुरक्षा चुनौती थपेको छ । घरेलु मदिराजन्य पदार्थको उत्पादन, उपभोगलगायतले पनि सुरक्षा चुनौती थपेको छ । फलाम खानी, चुनढुंगा, युरेनियमलगायतका खनिजजन्यपदार्थको व्यवस्थापन चुनौतीका रुपमा रहेको छ । विभिन्न नाकाबाट हुने अवैध ओसारपसार, तस्करी, चोरीनिकासी, अवैध हातहतियार ओसारपसार, लागूऔषधलगायत सुरक्षा चुनौतीका रुपमा विश्लेषण गरिएको छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस ४ गते बिहीबार १९ डिसेम्बर २०२४ । चतुर्थी, पौष कृष्णपक्ष । थिलागा ११४५ ने.सं. । सूर्योदय ६:५१, सूर्यास्त ५:११ ।

आजको राशिफल

मेष	: यात्राबाट नोक्सान हुनेछ	तुला	: मनोरञ्जन प्राप्त हुनेछ
वृष	: घाउचोट लाग्न सक्नेछ	वृश्चिक	: व्यापारबाट लाभ मिल्नेछ
मिथुन	: जग्गा जमिनबाट लाभ हुनेछ	धनु	: स्वास्थ्योपचारमा खर्च हुनेछ
कर्कट	: सोचेभन्दा बढी खर्च हुनेछ	मकर	: मानसिक असन्तुष्टि बढ्नेछ
सिंह	: मित्रतामा कमी आउनेछ	कुम्भ	: ज्ञानगुनका कुरा जान्न पाइनेछ
कन्या	: कामको जिम्मेवारी बढ्नेछ	मीन	: काम अपुरै रहने देखिन्छ

इतिहासको त्यो नृशंस हत्याकाण्ड

✍ केशव अधिकारी

नेपालको इतिहासका हरेक पाना पल्टाउँदा अनेकन निर्दोष नागरिक मारिएका घटना भेटिन्छन् । यसरी कुनै पनि शासनको कालखण्डमा निर्दोष मान्छेको हत्या गराउनु इतिहासका पानामा कालो दाग लगाउनुसरह हो । जुन बेलामा धर्मभिरु समाज र शासक हुन्थे, त्यस बेला त मान्छेको अनाहकमा वध गराउनु महापाप हो भन्ने दिमागी सोचका शासक र जनता हुन्थे । तर ती सब विषय भनेको बाहिरी देखावटी मात्रै रहेछन् भन्ने कुरा इतिहासका घटना पढ्दा थाहा हुन्छ। होला शासनको अंगको रुपमा रहेको व्यक्तिले ठूलै वा अक्षम्य अपराध गरेको भए उसलाई मृत्युदण्डको सजाय दिनु उपयुक्त नै हुन्थ्यो होला । तर शासकको आफ्नो स्वार्थ पूर्ति गर्ने र स्वार्थ पूर्ति हुने लक्षण नदेखिएपछिका दिनमा उसलाई पन्छाउन खोज्ने अनि सजिलै पन्छाउन नसकेको महसुस गरेर सफाया नै गरी बाटाको काँडो पन्छाएजसरी मारेर, आफ्नो आपराधिक बाटोबाट अवरोध हटाएर निष्कण्टक शासनको सपना देख्ने शासक वर्गको अदूरदर्शिताको पराकाष्ठा मान्नुपर्छ।

नेपालको इतिहासमा यसरी शासकको स्वार्थको बलिमा बोको बनेर आफ्नो प्राण बलिदान गर्न विवश हुनुपर्ने पात्रहरुमध्ये माथवर सिंह थापा थिए । उनी राजा सुरेन्द्र, राजेन्द्र अनि तिनका महारानीहरुका आ-आफ्ना स्वार्थ पूर्तिका लागि बलिको बोको बनाइएका एक स्मरणीय पात्र हुन् । अझ बढेर भन्ने हो भने कति इतिहासकारहरुले त त्यो दोष शासकलाई नदिएर स्वयं माथवरसिंहलाई नै थोपरेका छन । इतिहासको कठघरामा उभिएर तीतो सत्य ओकल्ने आँट आउँछ भने नेपालको इतिहासले माथवरसिंह थापालाई भन्दा तत्कालीन शासकलाई दोष अधिक दिनुपर्ने हुन्छ।

राजा पृथ्वीनारायण शाहको शासनकालमा यसरी निर्दोष नागरिक मार्ने काम हुँदै नभएको त होइन तथापि ज्यादै न्यून मात्रमा मारिए होलान् । उनको विचारमा आफ्ना नागरिकलाई मार्नुहुँदैन । यदि कुनै अक्षम्य अपराध गरेछ नै भने पनि उसलाई युद्धको मैदानमा पठाउनु, यदि जितेर आए फाइदै भयो नभए पनि युद्धको मोर्चामा लडेर देशको लागि राम्रै काम गर्न सक्यो भन्ने सोचाइ पृथ्वीनारायण शाहको थियो। पृथ्वीनारायण शाहपछिका हरेक कालखण्डमा निर्दोष मान्छेलाई समेत सफाइ गर्ने चलन बढेर गएको पाइन्छ। कतै न कतै आश्रय लिई निस्फिक्री भएर शान्तिपूर्णरुपले बाँच्दै गरेको नागरिकलाई समेत अनेक तरहका प्रलोभनमा फसाउने अनि आफ्नो स्वार्थ पूर्तिको एउटा हतियार वा साधन बनाउने, त्यसपछि आफ्नो स्वार्थ पूर्ति हुने लक्षण नदेखिएपछि आफ्नै आँखाको कसिँगर बनाउने चलन चलेको पाइन्छ। आँखाको कसिँगर बनेको मान्छेलाई अचानक हटाउन सक्ने अवस्था आएको छ भन्ने थाहा पाएपछिका दिनमा उसको सफाया गरेरै बाटो खुल्ला बनाउन खोज्ने शासकको दुश्चरित्रका बारेमा इतिहासका पानामा कम वर्णन गरेर अथवा उसका सर्वत्र गुणैगुणका कुरा गरिदिएर मारिने वा सजाय पाउनेका दोषैदोषका कुरा बखान्ने चलन बस्दै गएको छ । नेपालको इतिहासको यो एउटा खराब पक्ष हो।

भीमसेन थापाको अवसानपछि नेपालमा बस्नु उचित नठानेर तराईमा सेतो हात्ती निस्केको र त्यसलाई पक्रन जाने निहुँ पारेर माथवरसिंह थापा मुग्लान पसेका थिए । उनी विदेशी फौजमा लागेर महिनाको एक हजार रुपियाँ (अहिलेको पाँच लाख जति) जागिर खाएर अनन्दले रहँदै थिए । यता नेपाल दरबारमा भने भीमसेन थापाको पतनपछि भीमसेनले जस्तै गरी शासन चलाउन सक्ने पात्रको खोजी हुन थालेको थियो। विचार गर्दै जाँदा त्यस्तो योग्य पात्र माथवरसिंह थापा नै हुन्छ भन्ने ठानेर नेपाल दरबारबाट तारन्तार बोलाउने काम हुन थाल्यो। यो बोलावटले गर्दा उनी नेपाल आउन बाध्य भएका मात्र होइन कि भीमसेन थापाको अन्त्यकालतिर थापाहरुमाथि लागेको मुद्दासमेत फिर्ता लिएर, थापा परिवारलाई पूर्णरुपेण सफाइ दिएर, उनलाई जडगी र निजामतीका साथै शासनको सबै अधिकारसमेत दिएर सन्तुष्ट पार्ने काम भयो। हालसम्म कुनै पनि शासकले नपाएको कमान्डर इन चिफ र प्राइममिनिस्टरको पदसमेत दिने काम भयो । यति धेरै अधिकार पाएका माथवरसिंह थापाले करिब दुई वर्ष पनि शासन सम्हाल्न नपाई मारिनुपरेको थियो।

उनी मुग्लानमा जागिर खाएर आनन्दले बसेका व्यक्तिलाई तारन्तार नेपाल बोलाई यति धेरै शक्तिशाली बनाएर मराउनुपर्ने कारण के थियो होला ? भन्ने बारेमा तर्क उठ्न सक्छ । पहिलो कुरा, यो थियो कि कान्छी महारानीको सल्लाहअनुसार उनी मुग्लानबाट नेपाल झिकाइएका व्यक्ति थिए । माथवरसिंह थापाको सहयोगमा जेठी महारानीका युवराज सुरेन्द्रलाई पर पन्छाएर कान्छी महारानीका छोरा रणेन्द्रलाई राजा बनाउने धुनमा कान्छी महारानी लागेकी थिइन् । तर माथवरसिंह थापाले यस्तो अवैध काम गर्न इन्कार गरेका हुनाले उनी कान्छी महारानीका लागि आँखाको कसिँगर बन्न थालेका थिए र यो स्वाभाविक अवस्था पनि थियो ।

दोस्रो कारण, त्यस बेला कोही नागरिकले आपराधिक काम गरेको खण्डमा मृत्युदण्डको सजाय हुन्थ्यो । तर अपराध गर्ने अपराधीलाई कायलनामा गराएर राजाको लालमोहर लागेपछि मात्र मृत्युदण्डको सजाय हुने गर्थ्यो । तर वर्तमान राजा राजेन्द्र विक्रम शाह छँदै युवराज सुरेन्द्रलाई राजगद्दी दिनु उपयुक्त होइन भनेर राजा राजेन्द्रका पक्षका बोल्ने १६ जना तल्ला अफिसरहरुलाई आफैँले काटेर मार्न लगाउनुका साथै बाहुनलाई मार्नु नहुने भन्ने अड्चन रहेकोले दोषी ठहरिएका तीनजना बाहुनलाई चार पाटा मुड्न लगाएर माथवरसिंह थापाले डाँडो कटाउन लाएको सन्दर्भ पनि इतिहासमा लेखिएको छ । माथवरका यी अराजक कदमबाट दिक्क भएका राजा राजेन्द्रले यति मात्रै बिरामले मार्न लाउने थिए कि थिएनन् ? भनेर अन्दाज गर्न सकिन्छ । माथवरसिंह थापा मारिनुमा अरु पनि आन्तरिक कारण पक्कै होलान् ।

माथवरसिंह थापालाई मुग्लानबाट नेपाल झिकाएपछि राजा राजेन्द्रले उनलाई सबैजसो अधिकार दिएर आत्मैदेखि प्रसन्न तुल्याउन खोजे होलान् भनेर सबैले अन्दाज गर्ने कुरो हो । अन्दाज गरेनुसारकै सबै अधिकार माथवरसिंह थापालाई प्रदान गरे भनेर उल्लेख भइसकेको छ । यति धेरै अधिकार हात लगाएका माथवरसिंह थापाले अब आफू अधिकारसम्पन्न भइसकेपछि आफूलाई अधिकार प्रदान गर्ने राजालाई समेत टेर्न वा गन्न छोडेका थिए भनिन्छ । आफूलाई अधिकारसम्पन्न बनाउने राजाको सम्मान गर्नु र मर्यादा राख्नुको साटो उनी राजाका हरेक बचनमा मुखमुखै लाग्न थालेका थिए । राजारानीको अपमान हुने खालका कर्म गर्न थालेका थिए । एकदिन राजा राजेन्द्रकै सामुमा उनले रिसाएर कसिंदै तपाईँहरु दुई सरकार (राजा राजेन्द्र र सुरेन्द्र) बाट राज्य चल्दैन, मजस्तो बजीर र माहिला साहेबज्यू (उपेन्द्र विक्रम शाह) जस्तो राजा भएको भए म कति राम्रो राजकाज चलाउने थिएँ भनेर कड्केका थिए।

त्यसपछिको कुनै अर्को दिन राजा राजेन्द्र कतै बाहिरको सवारीमा निस्कनको लागि घोडाको तबेलामा पुगेका थिए । उनलाई के कुराको चित्त नबुझेर माथवरसिंह थापासँग केही गुनासो सुनाउन लाग्दाखेर रिसले मुर्मुराएका माथवरसिंह थापाले रिसको आवेगमा ई' भनेर आफ्नो लिंगतिर इशारा गरी राजालाई देखाएका थिए रे ! माथवरसिंह थापाको यस्तो खराव हर्कतले गर्दा भित्रभित्रै राजारानीको मनमा दिग्दारीको भाव पैदा हुनुका साथै आफूलाई माथवरले सम्मानको साटो घोर अपमान गरेको छ भन्नेजस्ता भावना मानसमा प्रकट हुन थालेको थियो होला । यति धेरै कारणबाट चिढिएका राजा राजेन्द्रले माथवरलाई पूर्णरुपेण पन्छाउने कदम उठाउन थाले । पहिले आफैँले त्यत्रो अधिकार दिलाएर नियुक्त गरेको शक्तिशाली व्यक्तिलाई अब कसरी हटाउन सकिएला ? भनेर राजा आफैँले धेरै समय माथापच्चीसी गर्नुपरेको थियो । अन्त्यमा सफाया गरेरै हटाउने निर्णय भयो । यो निर्णय केवल राजा राजेन्द्र, गगनसिंह खवास र जंगबहादुर राणाबाहेक शायद कसैलाई थाहा भएन । वि.सं. १९०२ जेठ महिनाको ६ गते राति राजा राजेन्द्र, रानीकै रोहबरमा गगनसिंह खवास र जंगबहादुरले माथवरसिंह थापालाई मार्ने सबै पाँजो मिलाइएको थियो।

रातको १२ बजेको समयमा माथवर सिंह थापालाई दरबारमा रानीलाई मुटु दुखेर सिकिस्त भएको निहुँमा बोलाएर ल्याउने जिम्मा काजी कुलमानसिंह थापालाई दिएर खटाइएको थियो । खटाइएअनुसार काजी कुलमानसिंह थापा माथवरसिंहको घर (अहिलेको बागदरबार) गएर उनलाई खबर सुनाए । अरु बेला राजारानीको अपमान गरेको भए पनि रानी सिकिस्त भएको खबर सुनेपछि माथवरसिंह थापा दरबार नगई हुने कुरो थिएन। उनी दरबार जाँदै गर्दा पक्कै डराएनन्। किनभने शारीरिकरुपमा पनि उनी पहलमान नै थिए। भनिन्छ, दशैंमा बलि दिने दश धार्नीको बोको दाहिने हातले चटक्क छिनाउने र देब्रे हातले एक मुठ्ठी हाडे ओखर मरक्क पारेर फुटाउने तागत उनको शरीरमा थियो।

षड्यन्त्र हो भनेर शंका गर्न पनि आफूलाई बोलाउन आफ्नै मान्छे आएको छ। त्यसैले उनी कुनै शंकाबेगरै दरबार पुगे। घोडा सवारी गर्न खोज्दा पनि घोडाले नमानेर संकेत गरेको थियो। तर उनलाई त्यसको कुनै विश्वासै भएन। जब उनी दरबारतिर हिँडे तब केही भइहाल्छ कि भनेर उनका मामा दलकेशर पाँडे, कप्तान शमशेरबहादुर थापा उनको पछि लागेर गएका थिए । तर दरबारको भित्रको खोपीमा पस्ने बेलामा उनीहरुलाई बाहिरै रोकेर केवल माथवरलाई मात्रै भित्र जान दिइएको थियो। माथवरसिंह सरासर भन्याड चढेर कोठाचोटा हुँदै खोपीमा दाखिल हुनासाथ कुलमानसिंहले ढोका लगाए।

रानी पलङमा सुतिरहेकी थिइन्। यता पर्दाभित्र लुकेर बसेका जंगले उनीमाथि गगनसिंहको आदेशअनुसार गोली हान्न चुकेनन्। जंगले पर्दामा छेकिएर चलाएको गोली माथवर को टाउकोमा लाग्न पुग्यो। माथवर ठूलो स्वर ले कराउँदै बंलङ्ग लडे। दुई हात पसारेर र जासँग आफ्ना आमा र छोराको उपर दयाको याचना गरे। तर दयाको याचनाले पसारेका उनका दुवै हात तरबारले चटाचट काटिए भने प्राणपखेरु एड्न लागेको शरीरमा तरबार रोपियो । यस बेला उनी केवल ४६ वर्षका जवान थिए । त्यसपछि उनको प्राणपखेरु उडेर गयो । राजाले पनि उनको लासमा लात्तले हाने र तत्काल लासलाई डोरीले बाँधेर झ्यालबाट तल बाटोमा खसालियो । बाटोमा तयारी अवस्थामा रहेको फौजले माथवरको लासलाई पशुपतिनाथनजिकैको घाटमा जलाए।

यसरी एउटा होनाहार नागरिकको अनाहकमा ज्यान गयो । यदि त्यस बेला दरबार बाट बोलावट नभएको भए अथवा कुनै बहाना बनाएर उनी नेपाल नआएका भए पनि उनको त्यस्तो दुःखद अन्त्य हुने थिएन होला । आखिर मुग्लान पसेरै पनि उनले राम्रै आम्दानीको जागिर खाएकै र ढुक्कले बाँचेकै थिए । तर राजारानीहरु र राजकुमारका आ-आफ्ना स्वार्थ पूरा गर्नको लागि एउटा होनाहार नागरिकले आफ्नो ज्यानको आहुति गर्नुपर्ने किन ? भन्ने प्रश्न हरेक समय उठ्ने गर्दछ । *(साभार: न्यूज अफ नेपाल)*

संघीय निजामती सेवा विधेयक : केही अमान्य व्यवस्था

✍ लक्ष्मीविलास कोइराला

संघीय निजामती सेवा ऐनको विधेयक अहिले संघीय विधायिकामा छलफलको क्रममा छ । १५०० भन्दा धेरै संशोधन प्रस्ताव परेका छन् । स्वार्थ समूहको लहडमा दिइएका संशोधन प्रस्ताव सांसदहरूले दर्ता गराउँदा विधेयक माथिको निजी स्वार्थ छर्लङ्ग देखिएको छ । संघीयता लागू भएको १० वर्ष हुन लाग्दा पनि संघीय निजामती सेवा ऐन पारित नहुनुका कारण के छन् नेताहरूले नै जान्ने विषय हो । तर, सार्वजनिक सेवालाई तटस्थ बनाउने कि प्रतिबद्ध ? कि कर्मचारी तन्त्रलाई स्वतन्त्र छोड्ने ?

यस्तै निजामती कर्मचारीको वृत्ति विकासको अवसरलाई फराकिलो बनाउने कि साँघुरो ? यी विषयहरूमा निर्वाचित राजनीतिज्ञ, सरकार, कर्मचारी प्रस्ट हुनु जरूरी हुन्छ । किनकि विधेयक सम्बन्धी उद्देश्य प्रस्ट भएन भने विधेयक माथिको छलफल उत्पादक र दूरदृष्टियुक्त हुँदैन । प्रस्ट उद्देश्य विना बनाइने कानूनले देशको समस्त शासन सञ्चालनमा दीर्घकालीन रूपमा नकारात्मक प्रभाव पार्दछ । विधेयकमाथि सांसद सँगसँगै विधायिकामा प्रतिनिधित्व गर्ने दलहरूले देशको कर्मचारीतन्त्रलाई कसरी परि चालन गर्ने हो ? स्पष्ट धारणा विकास गर्नुपर्दछ । सक्षम, उत्तरदायी र नैतिकवान् कर्मचारीतन्त्र बनाउन विधेयकमाथि विहङ्गम छलफल आवश्यक छ ।

सत्तासीन राजनीतिक दललाई मात्र पोस्ने प्रशासन बनाउने ध्येय र नाममात्रको छलफल तथा हृवीप र बहुमतको आधारमा विधेयक पारित गर्ने धृष्टता राजनीतिक दलहरूले गर्ने छैनन् भन्ने मेरो विश्वास छ । संघीय निजामती सेवा ऐनको प्रस्तावित विधेयक अध्ययनबाट मैले विगतको ऐनको पुनर्लेखन नै धेरै भेटेको छु । यद्यपि, मेरो अध्ययनमा देखेका केही महत्वपूर्ण पक्षहरू यहाँ केलाउने जमर्को पनि गरेको छु । विधेयक अध्ययनको क्रममा ढोकैमा दफा (२) (ङ) मा रहेको निजामती कर्मचारीको परिभाषाले ठेस लागिहाल्यो । अहिले प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरू आफूहरू निजामती हो/होइन निश्चित नभएको भनिरहेका छन् ।

नेपालको संविधानको धारा २४३ मा निजामती सेवाको कर्मचारी भन्नाले सैनिक वा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालको कर्मचारी सेवाको पद तथा निजामती सेवाको पद होइन भनी ऐन बमोजिम तोकिएको अन्य सेवाको पद बाहेक नेपाल सरकारका अरू सबै सेवाको पद सम्झनुपर्छ भनेर परिभाषा गरेको छ । नेपाल सरकार भनेको संघीय सरकार होइन भन्ने तथ्य प्रशासनविदहरूले बुझ्नुपर्दछ ।

संघीय निजामती सेवा विधेयकले नेपाल स्वास्थ्य सेवा, नेपाल संसद् सेवा, प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवाका सबै पद निजामती पद र संघीय निजामती सेवाको पद, प्रदेश निजामती सेवाको पद र स्थानीय निजामती सेवाको पदमा वहाल रहेको व्यक्ति निजामती कर्मचारी सम्झनुपर्छ भन्न किन नसकेको होला ? अचम्म लाग्यो । सरकारका तीन तहका कर्मचारी बीच एकता, सहयोग र सहकार्यका लागि निजामती कर्मचारीको परि भाषा फराकिलो बनाउन ऐन निर्माताहरूले गोडा कमाउनुपर्दैन । संघीय निजामती सेवा विधेयकको दफा (४) मा संघीय निजामती सेवा सञ्चालनका सिद्धान्तहरू राखिएका छन् ।

निजामती सेवा सञ्चालनका सिद्धान्तहरूलाई ऐनमा पहिलो पटक प्रवेश गराउन खोजिएको राम्रो पक्ष हो । नेपालको संविधानको धारा (२५८) मा टेकेर संघीय निजामती सेवा ऐनले प्रदेश र स्थानीय तहमा तर्जुमा हुने निजामती सेवा ऐनको मार्गदर्शक हुने अधिकार राखेको छ । विधेयकमा राखिएका सिद्धान्तहरूलाई विधेयकको अन्य दफामा भन्नु भन्दा यही दफामा यी सिद्धान्तहरू संघ, प्रदेश र स्थानीय निजामती सेवा सञ्चालनका सिद्धान्तहरू हुनेछन् भनेर लेख्न सके पढ्न र बुझ्न सजिलो हुने र विधेयक अनावश्यक रूपमा लामो पनि हुने थिएन ।

विधेयकको दफा (५) मा संघीय निजामती सेवा अन्तर्गत १० सेवाहरू रहने व्यवस्था गरिएको छ । विधेयकले नेपाल स्वास्थ्य सेवाको हकमा एक लाइन बोल्न सकेको देखिँदैन भने प्रदेश र स्थानीय तहमा आवश्यकता अनुसार सेवाहरू रहन सक्नेछन् भनेर मार्गदर्शन गर्न पनि विधेयक चुकेको छ । विधेयकको दफा (६) ले निजामती सेवामा तह र श्रेणीको अभ्यास गर्न श्रेणीभित्र तहहरूको सुन्दर मिश्रित पद्धति प्रस्ताव गरेको छ । जुन राम्रो छ । विधेयकको दफा ७ मा कार्य विवरण र हाकिम र सहयोगीबीच कार्यसम्पादन सम्झौता गर्ने विषयलाई परिमार्जन गरेको छ ।

निजामती सेवामा नियुक्त पदाधिकारीले आफ्नो कार्य विवरण अनुरूप इमानदारीसाथ कार्य सम्पादन गर्नुपर्दछ । कार्य सम्पादन सम्झौता गरिसकेपछि पनि राजनीतिक वा प्रशासनिक स्वार्थले सम्झौताहरू असमयमा नै टुहुरो हुने अवस्था चुनौतीपूर्ण छ । जुन समाधानमा विधेयकले बोल्न सकेको छैन । विधेयकको परि च्छेद ३ को दफा (९) ले संघीय निजामती सेवाको दरबन्दी सिर्जना र पदपूर्तिको व्यवस्था गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी न्यूनतम जनशक्तिबाट अधिकतम लाभ लिनसक्ने प्रविधिमैत्री संगठन संरचना निर्माणमा जोड दिएको छ । संघ, प्रदेश र स्थानीय तहको संगठन संर चना स्वीकृत भएपछि राष्ट्रिय किताबखानामा पदहरू दर्ता गरी मात्र पूर्ति गर्न सकिने व्यवस्था पनि विधेयकमा रहेको छ । जुन आजको यथार्थ हो । विधेयकको दफा १८ मा निजामती सेवामा सेवा प्रवेश उमेर अधिकतम सीमा पुरुषको हकमा ३५ बाट घटाएर ३२ र महिलाको हकमा ४० बाट घटाएर ३७ वर्ष प्रस्ताव गरेको छ । त्यो किन गरिएको हो ? आधार र कारण स्पष्ट छैन ।

पदपूर्ति गर्न विधेयकको दफा (१०) ले खुला, अन्तरतह प्रतियोगिता र बढुवा प्रणालीलाई प्रस्ताव गरेको छ । नेपालको निजामती सेवामा अधिकृत तहमा प्रवेश गरेपछि त्यही कर्मचारी माथिल्ला पदहरूमा खुला प्रतियोगिताबाट बढुवा हुनसक्ने अवसर रहेको छ र विधेयकले पनि सो व्यवस्थालाई निरन्तरता दिन प्रस्ताव गरेको छ । निजामती सेवा बाहिर कुनै सरकारी वा अन्तर्राष्ट्रिय निकायमा कार्य गरेका उत्कृष्ट व्यक्तिलाई आकर्षित गर्न अधिकृतभन्दा माथि खुला प्रतियोगितात्मक व्यवस्था राखिएको हो । २०४९ सालदेखि आजसम्म अभ्यास गर्दा निजामती सेवाभन्दा बाहिरबाट निजामती सेवामा यहाँ उल्लेख गर्न सक्ने गरी कोही प्रवेश गरेनन् ।

तर, निजामती सेवामा प्रवेश गरेका अधिकृत कर्मचारीहरू नै बढुवाका लागि जागिरमा प्रवेश गरेदेखि नै खुला प्रतियोगिता र आन्तरिक प्रतियोगितामा सहभागी हुन परीक्षाको तयारीमा जुट्ने प्रवृत्तिको विकास भयो । यसले एकातर्फ सार्वजनिक सेवा प्रवाह नै प्रभावित हुन पुग्यो भने अर्कोतर्फ कनिष्ठ कर्मचारी फड्केर माथिल्लो पदमा पुग्दा पहिलेका वरिष्ठ कर्मचारीले नमीठो र तीतो अनुभव गर्ने, उदासीन बन्ने वातावरण मात्रै बन्यो । जुन पदसोपान प्रणालीमा ग्राह्य छैन ।

अहिले निजामती सेवाको माथिल्लो तहमा अनुभवविहीन अपरिपक्व व्यक्तिहरू पुग्दा सेवा प्रभावकारी हुन नसकेको परिणाम हाम्रोसामु छ । सरकारी सेवामा छड्के प्रवेश सन् १९९० को हावा थियो । यो अब पुरानो र अनुत्पादक साबित भइसक्यो । यसकारण अब नवौं र एघारौं तहमा खुला प्रतियोगिता राखेर त्यही गल्ती दोहोऱ्याइरहन उचित देखिँदैन । विधेयकले उपसचिव र सहसचिव पदमा खुलाबाट पदपूर्ति गर्ने व्यवस्था हटाउन दह्रो खुट्टा टेक्न सकेको देखिँदैन । खुला प्रतियोगिताको लागि छुट्याइएको पदपूर्तिको प्रतिशत आन्तरिक प्रतियोगिताबाट पदपूर्ति हुने नवौं तहमा १० प्रतिशत र एघारौं तहमा १० प्रतिशत कायम गर्न उचित हुन्छ । साथै, विधेयकमा संघ, प्रदेश र स्थानीय तहको निजामती एकै प्रकारको सेवामा कार्यरत कर्मचारीले आन्तरिक प्रतियोगितामा भाग लिन सक्ने व्यवस्था प्रस्ताव गर्नुपर्दछ ।

निजामती सेवालाई समावेशी बनाउनको लागि वर्तमान ऐनमा भएको व्यवस्थालाई सुधार गर्दै विधेयकको दफा (११) ले खुला प्रतियोगिताबाट पदपूर्ति हुने पदमध्ये ४९ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसको ५० प्रतिशत पदमा खस आर्य, आदिवासी जनजाति, मधेशी, थारू, दलित, मुस्लिम, पिछडिएको क्षेत्र र अपांगता भएका महिलाहरू बीच मात्र पदपूर्ति गर्ने व्यवस्था गरेको छ । अनि बाँकी ५० प्रतिशत पदहरूमा आदिवासी जनजाति, मधेशी, थारू, दलित, विपन्न, खस आर्य, मुस्लिम, पिछडिएको क्षेत्र र अपांगता भएका व्यक्तिहरूले मात्र प्रतिस्पर्धा गरी पदपूर्ति गरिने व्यवस्था गरेको छ । आरक्षणलाई ४५ प्रतिशत बढाएर ४९ प्रतिशत बनाउने प्रस्ताव नितान्त पश्चगामी, असान्दर्भिक र प्रतिगामी देखिन्छ । यस घडीमा बंगलादेशमा आरक्षणको विरुद्ध भएको आन्दोलनबाट हामीले केही न केही त सिक्नै पर्ने हो । निजामती सेवा ऐन सरकारी कर्मचारी प्रशासनको माउ ऐन हो ।

(साभार: अनलाइनखबर)

नेपाल प्रिमियर लिग

हालसम्मका कीर्तिमान : पहिलो शतक र पहिलो ६ विकेट, अन्य केके छन् ?

काठमाडौं/खेलमा कीर्तिमान बन्नु स्वभाविक हो । अझ क्रिकेट खेलमा विभिन्न खालका कीर्तिमानहरू बन्ने गर्छ । क्रिकेट खेल नै यस्तो छ कि यसमा कीर्तिमानको ओइरो नै लाग्ने गर्छ । अहिले भइरहेको नेपाल प्रिमियर लिग (एनपीएल) मा पनि लिग चरणका खेलहरू सम्पन्न हुँदा विभिन्न खालका कीर्तिमानहरू बनेका छन् । केही पहिलो हुने कीर्तिमान बनेका छन् भने केही तोडिन सक्ने कीर्तिमान पनि बनेका छन् । हुन त कीर्तिमान तोडिन कै लागि बनिन्छ भनिन्छ । अहिले एनपीएलमा पनि केही कीर्तिमानहरू बने जसले खेललाई रोमाञ्चक बनाउन मद्दत गऱ्यो ।

भविष्यमा ती कीर्तिमान तोडिएला नतोडिएला तर त्यसको चर्चा भने सधैँ भइरहन्छ । ८ टोली सहभागी एनपीएलमा लिग चरणमा बनेका केही विशेष कीर्तिमानहरू जुन यस प्रकार छन् ।

पहिलो शतक

एनपीएलमा २८ खेल भइसक्दा अहिलेसम्म जम्मा एक मात्र शतक बनेको छ । उनी हुन पोखरा एभेन्जर्सबाट खेलेका अमेरिकन विकेटकिपर ब्याटर आन्द्रेस गौस । गौसले पोखराबाट खेल्दै लुम्बिनी लायन्सविरुद्ध सानदार शतक प्रहार गरे । उनले अविजित १०४ रन बनाउँदै पोखरालाई जित दिलाउन मद्दत गरेका थिए ।

गौसले एनपीएलमा आफ्नो दोस्रो खेल खेल्दै शतक बनाएका हुन् । सोही खेलमा लुम्बिनीका कप्तान रोहित पौडेलले ९५ रन बनाएका थिए र पहिलो इनिङ्ससम्म त्यो व्यक्तिगत उच्च स्कोर थियो । तर दोस्रो इनिङ्समा गौसले सानदार ब्याटिङ गर्दै व्यक्तिगत उच्च स्कोरमा रोहितलाई पछि पार्दै शतक नै ठोके । गौसले ५५ बल खेल्दै १२ चौका र ५ छक्का मद्दतमा अविजित १०४ रन बनाएका थिए । ओपनिङ गरेका उनी अन्तिमसम्म क्रिजमा रहेका थिए ।

यस्तै एनपीएलको पहिलो अर्धशतक भने विराटनगर किंग्सबाट खेलेका न्युजिल्याण्डका स्टार ब्याटर मार्टिन गप्टिलको नाममा रहृयो । उनले जनकपुर बोल्ट्सविरूद्धको उद्घाटन खेलमै ५५ रन बनाएका थिए । यसैगरी एनपीएलमा लिग चरणमा एकै खेलाडीले दुई पटक अर्धशतक बनाए । ती हुन् नेपालका कप्तान रोहित पौडेल र चितवन राइनोजबाट खेलेका इंग्लिस अलराउण्डर रवि बोपारा । बोपाराले लगातार दुई खेलमा अर्धशतक प्रहार गरेका थिए । रोहित दुई अर्धशतक हान्ने पहिलो नेपाली खेलाडी तथा समग्रमा दोस्रो खेलाडी बने ।

पहिलो ६ विकेट

एनपीएलमा एकै खेलमा ६ विकेट लिने कीर्तिमान पनि बन्यो । कर्णाली याक्सबाट खेलेका अष्ट्रेलियन अलराउण्डर विलियम बोसिस्टोले एकै खेलमा ६ विकेट लिने पहिलो खेलाडीको कीर्तिमान बनाए । अष्ट्रेलियाबाट सने २०१२ मा यू१९ विश्वकपको कप्तानी गरेका बोसिस्टोले पोखरा एभेन्जर्सविरुद्ध घातक बलिङ गर्दै ४ ओभर स्पेलमा २८ रन खर्चेर ६ विकेट लिएका थिए । उनले खेलको १४औं ओभरमा ३ विकेट लिएका थिए ।

एकै खेलमा ५ विकेट लिने खेलाडी भने चितवन राइनोजका सोहेल तनविर बनेका थिए । तनविरसहित सुदूरपश्चिम रोएल्सका नरेन साउद, जनकपुर बोल्ट्सका हर्श थाकर र सुदूर पश्चिमकै स्कट कुगेलेइनले एकै खेलमा ५ विकेट लिएका थिए ।

१० विकेटको जित र उच्च साझेदारी

एनपीएलको समूह चरणमा पोखरा एभेन्जर्सले लुम्बिनी लायन्स विरुद्ध कीर्तिमानी १० विकेटको जित पनि हात पाऱ्यो । लुम्बिनीले दिएको १७१ रनको लक्ष्य पोखराले १६.५ ओभरमा १७६ रन बनाउँदै पूरा गरेको थियो । एनपीएलमा पहिलो १० विकेटको जितमा पोखरा एभेन्जर्सको नाम रहृयो । यस जितमा आन्द्रेस गौसले शतक र दिनेश खरेलले अर्धशतक प्रहार गरे । यही खेलमा पोखराका आन्द्रेस गौस र दिनेश खरेलले सर्वाधिक साझेदारीको कीर्तिमान पनि बनाए । ओपनरद्वय गौस र खरेलले पहिलो विकेटका लागि १७६ रनको कीर्तिमानी साझेदारी गरे ।

एनपीएलमा पहिलो १० विकेटमा बनेको यो साझेदारीमा अरु पनि कीर्तिमान छ । पहिलो विकेटका लागि यो उच्च साझेदारी हो । साथै कुनै पनि विकेटका लागि एनपीएलमा अहिलसम्म भएको मध्ये यो उच्च साझेदारी हो । यस खेलमा गौसले अविजित १०४ र दिनेशले अविजित ६१ रन बनाए । गौसले ५५ बल खेल्दै १२ चौका र ५ छक्का प्रहार गरे भने ४६ बल खेलेका दिनेशले ४ चौका र ४ छक्का प्रहार गरे ।

पहिलो सुपर ओभर

एनपीएलमा पहिलो सुपर ओभर पनि लिग चरणमै देख्यौं । पहिलो सुपर ओभर खेल जित्ने टिम पनि पोखरा एभेन्जर्स नै बन्यो । हरेक कुरामा पहिलो सधैँ महत्वपूर्ण र सम्झनलायक हुन्छ भने जस्तै एनपीएलको पहिलो सुपर ओभर पनि सम्झन लायक बनै छ । खेलकुदमा पहिलो हुनुको महत्व छुट्टै छ र पहिलोको कीर्तिमान सदाबहार नै हुन्छ । एनपीएलमा पोखरा एभेन्जर्स र विराटनगर किंग्सबीचको खेलमा पहिलो पटक सुपर ओभरमा भयो । त्यसमा विजयी टिम पोखरा रहृयो । अनी त्यसका नायक वेष्ट इन्डिजका खेलाडी रेमोन रेइफर भए ।

वेष्ट इन्डिजका लागि टेष्ट क्रिकेट समेत खेलिसकेका रेइफरले आफ्नो अनुभवको भरपुर फाइदा उठाएर पोखरालाई जिताए । अंग्रेजीमा 'सिंगल हृयाण्डेड विन' भनेजस्तै रहृयो उनको प्रदर्शन । नियमित इनिङ्सको अन्तिम ओभरको अन्तिम बलमा छक्का हान्दै स्कोर टाई गरेका रेइफर सुपर ओभरमा पोखराको जितमा नायक बने ।

सन्दीप लामिछानेले बलिङ गरेको सुपर ओभरमा रेइफरले लगातार दुई छक्का र चौकासहित १८ रन बनाउन सहयोग गरे । अनि बलिङमा पनि आफैं आएका रेइफरले कुनै बाउण्ड्री निदई जम्मा ५ रन खर्चेपछि पोखराले रोमाञ्चक जित हात पारेको थियो ।

१ बलमा १५ रन

क्रिकेट खेलमा एक बलमा कति रन बन्छ? १ रन २ रन ३ रन चौका वा छक्का । कुनै बल वाइड वा नो बल भएमा १ वा २ रन थपिएला । तर एकै बलमा १५ रन पनि बन्यो भन्दा अचम्म लाग्न सक्छ । एनपीएलमा विराटनगर किंग्स र चितवन राइनोजबीचको खेलमा एकै बलमा १५ रन बनेको पनि देखियो । एक ओभरमा ६ बल हुँदा कहिलेकाहीँ एक ओभरमा समेत १५ रन बन्न मुस्किल हुन्छ । तर यहाँ एकै बलमा १५ रनको कीर्तिमान बन्यो ।

नभुक्किनुस् है, यो एक ओभरमा बनेको हैन, एकै बलमा बनेको हो । चितवन राइनोजका बलर अमर सिंह राउटेलाको ओभर मा विराटनगरले एकै बलमा १५ रन जोडेको थियो । १५ रन जोड्ज सहयोग गर्ने ब्याटर थिए बसिर अहमद । जहाँ बसिरको नाममा १३ रन जोडिएको थियो । खेलको ११औं ओभरमा बलिङ गर्न आएका राउटेलालले सुरुआती तीन बल किफायती गरेका थिए । उनले पहिलो बलमा मार्टिन गप्टिललाई एक रन दिए । दोस्रो बलमा बसिर अहमदलाई कुनै रन दिएनन् । तेस्रो बलमा बसिरले एक रन जोडे ।

चौथो बलमा गप्टिलले राउटेलालाई छक्का हाने । पाँचौ बलमा गप्टिलले सिंगल लिए । पाँच बलसम्म विराटनगरले जम्मा ९ रन जोडेको थियो । तर त्यसपछि अन्तिम बलमा जे भयो त्यो इतिहास बन्यो । अन्तिम बलमा 'ड्रामाटिक लास्ट बल' भने जस्तै । राउटेलाको बलमा बसिरले छक्का हाने । उक्त बल 'नो बल' भयो । राउटेलाले फेरि बलिङ गर्नुपऱ्यो । त्यसमा बसिरले २ रन जोडे । तर फेरि 'नो बल' भयो । 'नो बल' हुँदा कुल ३ रन आयो । राउटेलाले फेरि बल फाल्नुपऱ्यो । त्यो बल पनि 'वाइड' भयो तर बसिरले कुनै रन लिएनन् । वाइड हुँदा त्यसमा १ रन आयो ।

२ पटक 'नो बल' र एक वाइड फालेपछि बल्ल चौथो प्रयासमा राउटेलाले लेगल डेलिभरी गरे । त्यसमा बसिरले चौका हान्दिए । यसरी एउटै बलका लागि राउटेलाले चार पटक बलिङ गर्नपुऱ्यो र त्यसैको फाइदा उठाएर विराटनगरले एकै बलमा १५ रन जोड्यो । यसअघि एनपीएलमा उद्घाटन खेलमा एकै बलमा ११ रन बनेको थियो । जनकपुर बोल्ट्सले विराटनगर किंग्स विरुद्धको उद्घाटन खेलमै एकै बलमा ११ रन जोडेको थियो ।

अन्य

यसबाहेक समूह चरणमा सबैभन्दा धेरै रन बनाउने खेलाडी लुम्बिनी लायन्सका कप्तान रोहित पौडेल रहे । उनले ७ खेल खेल्दा दुई अर्धशतकसहित २७९ रन बनाए । जसमा २६ चौका र ११ छक्का समेत प्रहार गरे । रोहितको टिम बाहिरि सकेकोले उनलाई सर्वाधिक रन बनाउनेमा अन्य खेलाडीले पनि भेट्टाउन सक्छन् । त्यसमा सबैभन्दा नजिक छन् चितवन राइनोजका रवि बोपारा चितवनकै कप्तान कुशल मल्ल अनी सुदूरपश्चिमका कप्तान दीपेन्द्र सिंह ऐरी । बोपारा र कुशलले प्लेअफमा कम्तीमा एक खेल खेल्नेछन् भने दीपेन्द्रले दुई खेल खेल्नेछन् । बोपारले २३३ तथा कुशलले २०२ रन बनाएका छन् भने दीपेन्द्रले १९८ रन बनाएका छन् ।

यसैगरी सर्वाधिक विकेट लिनेमा सुदूरकै स्कट कुगेलेइन अगाडि छन् । उनले ७ खेलमा सर्वाधिक १५ विकेट लिएका छन् । जसमा पोखरा विरुद्धै एकै खेलमा ५ विकेट लिएका थिए । उनलाई पछ्याइ रहेका जनकपुर बोल्ट्सका ललित राजवंशी र चितवनका रिजन ढकाले समान १३ विकेट लिएका छन् । यस रेसमा रहेका मध्ये चितवनका सोहेल तनविरले १२ तथा जनकपुरका हर्श थाकर र किशोर महतोले समान १० विकेट लिएका छन् ।

लिग चरणमा कुनै पनि टिमले २०० रनको स्कोर बनाउन सकेनन् । तर सबै भन्दा ठूलो स्कोर बनाउने कीर्तिमान विराटनगर किंग्सको नाममा रहृयो । विराटनगरले लुम्बिनी लायन्सले दिएको १९२ रनको लक्ष्य पछ्याउँदै १९.५ ओभरमा १९३ रन बनाएको थियो । पहिलो इनिङ्समा धेरै रन बनाउने भने लुम्बिनी बन्यो । उसले विराटनगर विरुद्ध पहिले ब्याटिङ गर्दा १९१ रन बनाएको थियो ।

यसैगरी फिल्डिङमा कीर्तिमान बन्यो । जनकपुरका अनिल शाहले एकै खेलमा ५ क्याच लिने कीर्तिमान बनाए । उनले लिग चरणमा कुल १२ क्याच लिएका छन् । उनीपछि रहेका सुदूरपश्चिम रोयल्सका नरेश बुढायरले ९ क्याच लिएका छन् ।

(स्रोत: अनलाइनखबर)

४० लाख पारिश्रमिकबारे विजय भन्छन्, 'यो मैले बोलेको कुरा होइन'

काठमाडौं/'कबड्डी'बाट अभिनेता विजय बरालको फिल्म करिअर सुरु भएको थियो । यसपछि उनले सहायक भूमिकामा थुप्रै फिल्म गरे । हाल प्रदर्शनरत 'पूर्णबहादुर सारङ्गी' भने उनको शीर्ष भूमिका रहेको पहिलो फिल्म हो । यसको सफलताले उनको करिअर कायापटल गरेको छ । अहिले उनलाई शीर्ष भूमिकामा लिन निर्माताबीच हानाथाप चलिरहेको छ । र, उनको पारिश्रमिक पनि चर्किएको छ ।

बुझिएअनुसार विजयले 'पूर्णबहादुर सारङ्गी'का लागि ५ लाख पारिश्रमिक लिएका थिए । त्यसअघि उनले बढीमा ४ लाखमा फिल्म गर्दै आइरहेका थिए । 'सारङ्गी'को सफलतापछि भने उनलाई ४० लाखसम्म पारिश्रमिकको अफर पुगिरहेको चर्चा छ । मंगलबार मण्डला थिएटरमा नाटक 'हरि हजुरबा'को विषयमा आयोजित पत्रकार सम्मेलनमा उनको पारिश्रमिकबारे कुरा उठेको थियो । तर, विजय ४० लाख पारिश्रमिकको चर्चाबारे अनविज्ञ देखिए ।

'यस्तो चर्चा पनि चलिसक्यो ? तर, ३०/४० लाख अफर आएको भन्ने कुरा मैले बोलेको होइन । न त पाएको छु । यो चर्चा होला । यद्यपि, पैसा धेरै आयोस् भन्ने इच्छा त हुन्छ,' उनी भन्छन्, 'मैले अहिले स्क्रिप्ट पढ्नै पाएको छैन । पढिसकेपछि डिमान्ड गर्ने एउटा कुरा हो । तर, म धेरै डिमान्ड गर्दिनँ । ठिक्क गर्छु ।' उनले नाटकबाट भने खाजा खाने पारिश्रमिक मात्र आउने बताए ।

विजय आफूलाई फिल्मबाट अफरै नआउँदा पनि कुनै मतलब नरहेको बताउँछन् । नाटक नै गरेर भए पनि आफू चल्न सक्छु भन्ने उनलाई लाग्छ । भन्छन्, 'जिरोबाट हिँडेको भएर होला मलाई मतलब नै लाग्दैन । अहिले फिल्मै नआए पनि बालै छैन । रेकर्ड ब्रेक गर्ने फिल्म गरिहालियो, अब नगर्दा पनि केही हुँदैन । टेन्सन नै छैन । नाटकै गरेर पनि चल्छ । त्यसैले बाँच्नलाई गाह्रो छैन । आवश्यकता र बच्चाबच्चीलाई के गर्ने भन्ने चाहिँ अलिकता तनाव हुँदो रहेछ ।'

नाटकबाट उदाएकाले विजयलाई यसप्रति बेग्लै लगाव र झुकाव छ । नाटकमा सानो रोल गर्दा पनि आनन्द लाग्ने उनको अनुभव छ । 'नाटकमा सानो रोल गर्दा पनि साह्रै आनन्द लाग्छ,' उनी भन्छन्, 'मेरो लागि फिल्मजस्तै नाटक पनि ग्रान्ड (भव्य) नै हुन्छ । त्यही ग्रान्डले गर्दा म 'सारङ्गी'सम्म पुगेँ । म थिएटरमा हुन्थिनँ भने अभिनयको त्यति धेरै चर्चा हुँदैन थियो । मेरो अभ्यास नै पुग्दैन थियो ।'

'स्त्री २'को रेकर्ड तोड्दै 'पुष्पा २', विश्वव्यापी कमाइमा 'दंगल'लाई उछिन्ला ?

काठमाडौं/भारतीय बक्स अफिसमा 'पुष्पा २'को गति अझै मत्थर हुने छाँटकाँट देखिँदैन । दोस्रो हप्तामा पनि व्यापारिक रफ्तार निकै बलियो छ । फिल्मको व्यापार हिन्दी भर्सनमा मात्र ६ सय करोड पुग्न लागेको छ । ट्रेड एनालिस्ट तरण आदर्शका अनुसार फिल्मले दोस्रो हप्ताको सोमबारसम्म हिन्दी भर्सनमा ५८८ करोड नेट कमाएको छ । दोस्रो सोमबार फिल्मको कमाइ २० करोड ५० लाख रहृयो ।

बलिउड फिल्मको नाममा रहेको एकपछि अर्को व्यापारिक रेकर्ड तोड्दै आइरहेको 'पुष्पा २' अब अर्को एउटा 'अलटाइम' रेकर्ड तोड्ने बाटोमा छ । त्यो हो, बलिउड फिल्म 'स्त्री २'ले बनाएको ऐतिहासिक रेकर्ड । यसले भारतीय बक्स अफिसमा ६२७ करोड लाइफटाइम कलेक्सनसहित सर्वाधिक कमाउने हिन्दी फिल्मको रेकर्ड बनाएको छ । यो रेकर्ड 'पुष्पा २'ले यसै साताको बुधबार वा बिहीबारसम्म तोड्ने प्रक्षेपण गरिएको छ ।

'स्त्री २'को रेकर्ड तोडेको खण्डमा 'पुष्पा २' हिन्दीमा सर्वाधिक कमाइ गर्ने पहिलो भारतीय फिल्म हुनेछ । फिल्मको रफ्तार हेर्दा यसले हिन्दी भाषामा सजिलै ७ सय करोड कमाउन सक्ने देखिन्छ । त्यसो त फिल्मको नेट इन्डिया कलेक्सन ९२९ करोड (हिन्दी, तेलुगु, तमिल, कन्नड र मलयालमसहित) पुगिसकेको छ भने ग्रस कलेक्सन ११ सय करोड माथि छ । फिल्मले तेलुगु, तमिल, कन्नड र मलयालम भाषामा मात्र १२ दिनमा ३४१ करोड नेट कमाइ गरेको ट्रेड पोर्टल स्याकेनिल्कले जनाएको छ ।

त्यस्तै, फिल्मको विश्वव्यापी कमाइ १४ सय करोड पुगेको छ । यसले 'आरआरआर'को १२७५ करोडको विश्वव्यापी कमाइलाई उछिन्दै विश्वभर तेस्रो धेरै कमाउने भारतीय फिल्मको रेकर्ड बनाइसकेको छ । अब दोस्रो स्थान हासिल गर्न 'पुष्पा २'ले 'बाहुबली २'को नाममा रहेको विश्वव्यापी १८१० करोडमाथिको कमाइ गर्नुपर्ने हुन्छ । पहिलो नम्बरमा भने २ हजार करोडसहित 'दंगल' छ ।

सुकुमारको लेखन तथा निर्देशनमा तयार भएको 'पुष्पा २'मा अल्लू अर्जुन, रश्मिका मन्दाना, फहद फासिल, सुनिल वर्मा लगायतको अभिनय छ । रक्तचन्दन काठको तस्करीमा ठूलो साम्राज्य खडा गरेको पुष्पराज पात्र (अल्लू अर्जुन)को वरिपरि फिल्मको कथा केन्द्रित छ । ५ सय करोड भारुमा बनेको फिल्मका लागि अल्लू अर्जुनले मात्र ३ सय करोड पारिश्रमिक बुझेका थिए ।

केदार सबैभन्दा महंगो कलाकार बन्दा जितु खुसी

काठमाडौं/हास्य कलाकाख्य केदार घिमिरे र जितु नेपाल कुनै बेला एकै रथका दुई पाङ्गाजस्तै थिए । 'गीताञ्जली' सिरियलबाट उनीहरुको सहकार्य सुरु भएको थियो । पछि दुवैले अलग-अलग सिरियलमा काम गरे । जब टेलिभिजनको क्रेज खस्कियो, त्यसपछि दीपक-दीपासँग मिलेर उनीहरुले फिल्ममा वर्षौं सहकार्य गरे । यतिबेला भने उनीहरुले आ-आफ्नै हिसाबले काम गर्दै आइरहेका छन् ।

केदार र जितु दुवैको अहिले फिल्ममा राम्रो माग देखिएको छ । केदार त सबैभन्दा महंगा कलाकार नै बनेका छन् । उनले एउटा फिल्मबापत ५० लाखमाथि पारिश्रमिक बुझ्ने गरेको चर्चा छ । जितुको पारिश्रमिक भने अहिलेसम्म सार्वजनिक भएको छैन । तर, बजारको चर्चाअनुसार उनले एक फिल्मबापत १५ लाख हाराहारी पारिश्रमिक लिने गरेका छन् ।

रोचक कुरा के छ भने कुनै बेला जितुले केदारलाई पारिश्रमिक तिरेर 'गीताञ्जली' टेलिसिरियलमा खेलाउने गरेका थिए । अहिले उनै केदार नेपाली फिल्मको सबैभन्दा महंगो कलाकार बन्दा जितु खुसी देखिन्छन् । सोमबार एक कमेडी शोमा अतिथि बनेर पुगेका उनले सञ्चारकर्मीसँगको कुराकानीमा 'गीताञ्जली' गर्दा केदारलाई तीन सय रुपैयाँ दिने गरेको स्मरण गर्दै भने, 'त्यसबेला म उहाँलाई बल्लबल्ल तीन सय रुपैयाँ दिन सक्थेँ । आज केदार सबैभन्दा महंगो कलाकार हुनु भएकोमा खुसी लागेको छ ।'

जितु भने पारिश्रमिकलाई त्यति महत्त्व दिँदैनन् रे । उनलाई लाग्छ, 'भविष्यमा सम्झिने भनेको काम हो, पारिश्रमिक होइन ।' भन्छन्, 'म कलालाई पारिश्रमिकसँग दाँज्दिनँ । भोलिका दिनमा मैले गरेको काम मात्र देखिने हो । मैले कति पैसा लिएको थिएँ भन्ने देखिँदैन । यसैले हामी कलाकारले कृतिका लागि काम गर्ने हो । यो मेरो विचार हो ।'

यतिबेला जितुलाई यही पुष २६ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको आफ्नो नयाँ फिल्म 'कार्साड'को प्रवर्द्धनमा भ्याइनभ्याइ छ । यसमा उनको जोडी अभिनेत्री दीया मास्केसँग बाँधिएको छ । उनीहरु दम्पतीको भूमिकामा छन् ।

फिल्ममा श्रीमान्-श्रीमतीको नोकझोंक दर्शकलाई र माइलो लाग्ने उनको विश्वास छ । र, यसमा आफूले चाहेको जस्तै अभिनय गर्न पाएकोमा जितु खुसी छन् । 'कार्साड'मा जितुले अभिनेता दयाहाङ राईको साथीको भूमिकामा निभाएका छन् ।

स्थानीय तहमा जथाभावी दरबन्दी थप्ने होड

काठमाडौं/गत साता पोखरा महानगरपालिकाले १ हजार १ सय ९१ जना कर्मचारीको दरबन्दी स्वीकृत गऱ्यो । यो संख्या हाल रहेको कर्मचारी दरबन्दीभन्दा ४ सय ३७ जनाले बढी हो । ७ सय ५४ जना रहेको दरबन्दी अब एकै पटक १ हजार २ सयको हाराहारीमा पुगेको छ । नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओ एन्ड एम सर्भे) स्वीकृत हुनुअघि कति कर्मचारीको दरबन्दी राख्ने भन्नेबारे पोखरामा राजनीतिक दलहरूबीच चरम विवाद भएको थियो ।

करारका ३५ जना कर्मचारीहरू हटाउने महानगरको निर्णयविरुद्ध नेकपा एमालेले कडा विरोध गरेको थियो । ३० मंसिरमा राजनीतिक दलहरूले सहमति गरेर नगरसभाले नयाँ संगठन संरचना पारित गरेको थियो । अहिले काठमाडौं महानगरपालिकाले पनि नयाँ 'ओ एन्ड एम' प्रतिवेदन बनाइरहेको छ ।

सेवा प्रवाह सुधार्न भन्दै महानगरले विभाग, महाशाखा, शाखा, उपशाखा तथा इकाइहरूको स्पष्ट कार्य विवरण तयार गर्न लागेको छ । त्यसपछि ठूलो संख्यामा प्रशासनिक तथा प्राविधिक जनशक्ति थप्ने तयारी हुँदैछ ।

यसरी आवश्यकताको आधारमा भन्दा पनि राजनीतिक दबाब र मिलेमतोमा स्थानीय तहहरूमा ठूलो र खर्चिलो संगठन संरचनाहरू बनाउने क्रम बढ्न थालेको छ । चुस्त संगठन संरचना बनाउनुपर्नेमा ठूलो आर्थिक भार थप्ने र कर्मचारी व्यवस्थापन भन् असजिलो हुने गरी ओ एन्ड एम प्रतिवेदनहरू बनिरहेका छन् ।

राजनीतिक उद्देश्यबाट अभिप्रेरित भएर दरबन्दी थप्ने कामलाई रोक्न र उचित मार्गदर्शन गर्न तीन तहकै सरकार उदासिन छन् । भविष्यमा जथाभावी थपिएको दरबन्दीले स्थानीय तहलाई आर्थिक भार पर्ने र त्यसले विकास निर्माणका कामदेखि सेवा प्रवाहसम्ममा असर पर्नसक्ने चिन्ता विज्ञहरूको छ ।

पछिल्ला वर्षमा धेरै स्थानीय तहले हालको संगठन संरचना बदलेर कर्मचारीको दबरन्दी थप्न प्रस्ताव गरिरहेका छन् । गाउँ तथा नगरसभाबाट दरबन्दी थप्दै कर्मचारी आफूखुसी भर्ना गर्ने क्रम पनि बढेको छ । यस्ता अभ्यासले स्थानीय तहरूमा कर्मचारी व्यवस्थापन भद्रगोल बन्न पुगेको छ । स्थानीय तहहरूमा फरक-फरक समूह र प्रकृतिका कर्मचारीहरूबीच रहेको वैमनष्यता चिर्न नै मेयर र प्रमुख प्रशासकीय अधिकृतहरूलाई अहिले धौ-धौ छ । महानगर पालिका, उपमहानगर पालिका, नगरपालिकासहित गाउँपालिकाहरूमा रहेका कर्मचारीहरूको पृष्ठभूमि अनुसार स्थानीय तहमा अहिले करिब १० किसिमका कर्मचारी भेटिन्छन् ।

स्थानीय तहमा संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले सोझै खटाउने प्रमुख प्रशासकीय अधिकृतले स्थानीय तहको प्रशासकीय नेतृत्व गर्छन् । अहिले मूलत: साविकका स्थानीय निकायका कर्मचारीहरू नै स्थानीय तहरूमा हाबी छन् ।

अहिले निजामती सेवाबाट समायोजन भएर आएका कर्मचारीहरू पनि स्थानीय तहमा कार्यरत छन् । स्वास्थ्य सेवाका कर्मचारीहरू पनि स्थानीय तहमै छन् । तत्कालीन जिल्ला विकास समिति र तत्कालीन नगरपालिका तथा गाविसबाट समायोजन भएर स्थानीय तहमा आएका कर्मचारीहरूको पनि अर्को समूह छ ।

तत्कालीन घरेलु तथा साना उद्योग विकास समिति र दुर्गम क्षेत्र विकास समितिमा कार्यरत स्थायी कर्मचारी पनि समायोजन भएर स्थानीय तहमा आएका छन् । स्थानीय तहले भर्नै भर्ना गरेका करार र अस्थायी कर्मचारीहरू पनि त्यहीँ छन् । २०७६ सालमा लोकसेवा आयोगले स्थानीय तहहरूकै लागि छनोट गरेर पठाएका कर्मचारी पनि कार्यरत छन् भने पछिल्ला वर्षहरूमा सम्बन्धित प्रदेश लोकसेवा आयोगबाट छानिएर आएका कर्मचारी पनि स्थानीय तहमा आइरहेका छन् ।

संविधानअनुसार स्थानीय तहमा नयाँ कर्मचारीको पदपूर्ति, पदस्थापन, सरुवा, बढुवा, समायोजन, स्तर वृद्धि लगायतका काम प्रदेश तहबाट गर्नुपर्ने हुन्छ । तर, त्यसका लागि धेरै प्रदेशले पर्याप्त कानुन नै बनाउन सकेका छैनन् भने बनाएकाहरूले पनि स्थानीय सेवा गठन गरेर स्थानीय तहका कर्मचारीलाई एउटै डालोमा हालेर व्यवस्थापन गर्न सकेका छैनन् ।

यस्तो अवस्थामा स्थानीय तहहरूमा दरबन्दी थप्ने विकृति मौलाएको छ । आवश्यकताका आधारमा संगठन संरचना फेर्ने संवैधानिक अधिकार स्थानीय तहहरूमा छ । तर, त्यसका लागि प्रदेश सरकारले कानुन र मापदण्ड बनाउन सक्छन् । संघीय निजामती सेवा ऐन जारी भएपछि संघले पनि त्यसबारे मार्गदर्शनहरू दिनसक्छ ।

तर, अहिले स्थानीय तहमा जथाभावी संगठन संरचना बनाउने विकृति देखिएकाले त्यसलाई व्यवस्थित गर्नुपर्ने मत विज्ञहरूको छ । एक पूर्वसचिव अधिकांश सेवा अनलाइनबाट दिने गरी प्रविधि विकास गर्नुको साटो आफ्नालाई जागिर खुवाउने उद्देश्य मात्रै राखेर संगठन संरचना सिर्जना गर्नु अनुचित हुने बताउँछन् ।

(स्रोत: अनलाइनखबर)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

पालिकास्तरीय ९ 'ए' साइड फुटवल उपाधि ५ नं. वडालाई

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ मकवानपुरगढी गाउँपालिका खेलकुद विकास समितिले पहिलोपटक आयोजना गरेको पालिका स्तरीय ९ 'ए' साइड फुटबल प्रतियोगिताको उपाधि वडा नम्बर ५ ले हात पारेको छ । मंगलबार सम्पन्न फाइनल खेलमा वडा नम्बर २ लाई ३-० गोलअन्तरले पराजित गर्दै उपाधि हात पारेको हो ।

उपाधिसँगै वडा नं. ५ ले ८० हजार नगद, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेतामा चित्त बुझाएको वडा नम्बर २ ले ५० हजार नगद सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । खेलको पहिला हाफमा विपिन भण्डारीले एक मिनेटमै पहिलो गोल गरेका थिए । खेलमा गोल फर्काउन वडा नम्बर २ ले प्रयासरत रहेता पनि पहिलो हाफमा गोल गर्न सकेन ।

खेलको दोस्रो हाफमा वडा ५ लाई खेलको ४८ मिनेटमा सुरेन नेपाली दोस्रो गोल थपेका थिए भने ५३ मिनेटमा विशाल स्याङ्तानले थप गरी ३-० गोल अन्तरले विजेता बन्न सफल भयो । खेलको अन्तिम प्रयाससम्म पनि वडा नं. २ ले गोल फर्काउन सकेन र उपविजेतामा नै सीमित बन्यो ।

प्रतियोगितापश्चात उत्कृष्ट गोलरक्षक वडा नं. ५ 'ए' का अमर गोले घोषित भए भने डिफेन्डरमा वडा नं. ५ कै महेश बज्यु भएका छन् । त्यस्तै, मिल्डफिल्डरमा वडा नं. २ का मिलन गोले र फरवार्डमा वडा नं. ५ का विपिन भण्डारी भएका छन् । खेलको उत्कृष्ट खेलाडी वडा नं. २ का रोहित मोक्तान भएका छन् ।

खेलकुद विकास समितिका अध्यक्ष हीराबहादुर स्याङ्तानको अध्यक्षता तथा बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेको प्रमुख आतिथ्यतामा प्रतियोगिताको समापन भएको हो ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तान, उपाध्यक्ष मानकुमारी पाखिन, नेपाली कांग्रेस जिल्ला सभापति बुद्ध लामा, युवा नेता यतीराज सापकोटा, वडा नम्बर २ का वडाअध्यक्ष बखानसिं पाखिन, वडा नं. ५ का अध्यक्ष दीपेश दाहाल, वडा नं. १ का अध्यक्ष आइतसिं लो, वडासदस्यहरु, विभिन्न राजनीतिक दलका प्रमुखहरु, सामाजिक संघसंस्थाका प्रतिनिधि, टोल विकास संस्थाका प्रतिनिधि र खेलकुदसँग जोडिएका क्लबका प्रमुखहरुको आतिथ्यता रहेको थियो ।

नवजागृत क्लबको समन्वयमा भएको प्रतियोगिता धाडिङ मिनी रंगशालामा भएको थियो । २७ गतेदेखि जारी खेल लिग चरणमा खेलाइएको थियो । प्रतियोगितामा ८ वटा टिमले सहभागिता जनाएको थियो । वडा नम्बर १ ले सहभागिता नजनाए पनि वडा नम्बर ५ बाट दुई टिम रहेको प्रतियोगिताका संयोजक रामराजा महर्जनले बताए ।

पूर्वकोच थापाको स्मृतिमा नवोदयमा जिम्नास्टिक कक्षा सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ हेटौंडा-४ मा रहेको नवोदय शिशुसदन अंग्रेजी माध्यमिक विद्यालयमा आधारभूत (बेसिक) जिम्नास्टिक कक्षा सुरु भएको छ । कक्षा १ देखि ३ सम्म अध्ययनरत विद्यार्थीलाई लक्षित गरी आधारभूत जिम्नास्टिक कक्षा सुरु गरेको विद्यालयले जनाएको छ ।

'आधारभूत जिम्नास्टिक कक्षा एक प्रारम्भिकस्तरको कक्षा हो । जसमा विद्यार्थीलाई जिम्नास्टिकका आधारभूत अभ्यास र शारीरिक गतिविधि गराइन्छ' जिम्नास्टिक कक्षाका संयोजक तथा जिम्नास्टिक कोच रणबीर थापाले भने-'प्राथमिक तहबाटै जिम्नास्टिक खेलको बारेमा विद्यार्थीलाई जानकारी गराउने उद्देश्यले कक्षा १ देखि ३ सम्म अध्ययनरत विद्यार्थीलाई लक्षित गरी आधारभूत जिम्नास्टिक कक्षा सञ्चालन गरेको हो ।'

पुस १ गतेबाट सुरु भएको जिम्नास्टिक कक्षामा ३० जना आबद्ध छन् । जिम्नास्टिक खेलको लागि राष्ट्रिय खेलाडी सुनिल गिरी र जिम्नास्टिक कोच थापाले प्रशिक्षण दिनेछन् ।

विद्यालयका निर्देशक दीपेश जोशीका हजुरबुवा तथा नेपाल जिम्नास्टिक संघका पूर्वकोच स्वर्गीय भीमराज थापाको सम्झनामा विद्यालयले जिम्नास्टिक कक्षा सुरु गरेको बताइएको छ । पुस १ गते विद्यालयले औपचारिक कार्यक्रमको आयोजना गरी स्वर्गीय थापाको सुपुत्र अनिलकुमार थापा र विद्यालयका निर्देशक जोशीले स्वर्गीय थापाको तस्विरमा माल्यार्पण गरी जिम्नास्टिक कक्षा सुरु गरिएको थियो ।

त्रिविको जग्गा बाँडफाँटमा संलग्न पदाधिकारीको छानबिन अख्तियार र सीआईबीले गर्ने

काठमाडौं, २ पुस/ त्रिभुवन विश्वविद्यालयको १ हजार रोपनी जग्गा बाँडफाँटमा संलग्न पदाधिकारीमाथि अख्तियार र सीआईबीबाट छानबिन गर्न सिफारिस गरिएको छ । छानबिन समितिले मंगलबार साँझ प्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रतिवेदन बुझाएको छ ।

उक्त प्रतिवेदनमा विभिन्न समयमा बाँडफाँट भएकाले कुन पदाधिकारीले बाँडेको हो त्यसको यकिन अख्तियार र सीआईबीबाट गर्न समितिले सिफारिस गरेको हो ।

'कुन कुन पदाधिकारीले कुन कुन समयमा बाँडेको हो अख्तियार र सीआईबीले छानबिन गर्नुपर्छ भनेको छ । यसलाई उसलाई कारबाही गर्ने भनेको छैनौं । हाम्रो प्रारम्भिक छानबिन हो,' समितिका सदस्य जानकीबल्लभ अधिकारीले भने । उनका अनुसार त्रिविको उपत्यका बाहिर पनि थप जग्गा खोजबिन गर्नुपर्ने छ ।

समितिले सिफारिस गरेको विषय कार्यान्वयनमा लैजाने शिक्षामन्त्री विद्या भट्टराईले बताएकी छिन् । 'अब विश्वविद्यालय, मन्त्रालय र प्रधानमन्त्री बसेर सल्लाह गर्छौं । प्रतिवेदनको कार्यान्वयन गर्छौं,' उनले भनिन् । यो सँगै अख्तियार र सीआईबीलाई अनुसन्धानको बाटो खुलेको छ ।

बागमती प्रदेशसभा साढे दुई महिनादेखि ठप्प

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/सरकारले बिजनेश दिन नसक्दा विगत साढे दुई महिनादेखि बागमती प्रदेशसभा ठप्प भएको छ । कानुन निर्माण गर्ने थलो प्रदेशसभा सञ्चालन नहुँदा आवश्यक कानुन निर्माण र संशोधनका कार्य रोकिएका छन् ।

कतिपय कानुनको संशोधन गर्नुपर्ने मस्यौदा थन्किएर बसेका छन् । गत ७ असोजयता प्रदेशसभाको बैठक बस्न सकेको छैन । मन्त्रिपरिषद् बैठकले प्रदेशप्रमुखसमक्ष सिफारिस गरेपछि १६ असोजमा प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले वर्षे अधिवेशन अन्त्य गरेका थिए । हालसम्म हिउँदे अधिवेशन बोलाइएको छैन । लामो समयदेखि प्रदेशसभा ठप्प हुँदा प्रतिपक्षी दलले विरोध गरेका छन् ।

सरकारको प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले मुख्यमन्त्री बहादुरसिंह लामालाई भेटेर गतसाता सदन बोलाउन ध्यानाकर्षण पत्र समेत दिएको थियो । नेकपा माओवादी केन्द्रका मुख्यसचेतक रत्नप्रसाद ढकालले प्रदेशसभा यथाशीघ्र बोलाउन माग गरे । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को नेता उद्धव थापा सरकारले लामो समयसम्म सदन नडाकेको प्रति रुष्ट देखिए । सांसदहरु कामविहीन हुनपरेको नेता थापाले बताए । सरकारले पुस महिनामा पनि सदन डाक्ने बिषयमा तदारुकता नदेखाए प्रतिपक्षीले नै संवैधानिक व्यवस्था अनुसार सदन बोलाउने नेता थापाले बताए ।

नेकपा एकीकृत समाजवादी बागमती संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनाल प्रदेशसभा बैठक बोलाउने दायित्व सरकारको भएको बताउँछन् । आफ्नो दलले पनि मुख्यमन्त्री लामालाई पटक/पटक सदन डाक्न भन्दै आएको खनालले बताए । प्रदेश सरकारका प्रवक्ता सुरजचन्द्र लामिछाने प्रदेशसभा बैठक डाक्ने तयारीमा सरकार लागेको बताउँछन् । जसका लागि छिट्टै हिउँदे अधिवेशन आव्हान हुने प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री समेत रहेका लामिछानेले बताए ।

यसअघि पछिल्लोपटक अर्थात ७ असोजमा बसको प्रदेशसभा बैठकमा उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्री शुकमाया तामाङले सदनमा पेश गरेको प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनसम्बन्धी विधेयक पारित गरेको थियो । विधेयक पारित भएपछि अर्को सूचना नभएसम्मका लागि बैठक स्थगित गरिएको थियो ।

सहकारी सञ्चालकको स्वार्थमा कमजोर नियामक बनाउँदै सरकार

काठमाडौं, २ पुस/ सरकारले अत्यन्तै कमजोर धरातलको 'वित्तीय सहकारी नियमन तथा सुपरीवेक्षण प्राधिकरण' गठन गर्ने कानुनको मस्यौदा तयार गरेको छ । वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्न केन्द्रीय बैंककै मातहतमा दोस्रो तहको नियामक 'सेकेन्ड टायर इन्स्टिच्युसन' (एसटीआई) गठन गर्नुपर्ने अन्तर्राष्ट्रिय अभ्यास विपरीत कमजोर नियामकको प्रस्ताव 'वित्तीय सहकारी नियमन तथा सुपरीवेक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' को मस्यौदा तयार गरिएको हो ।

प्रस्तावित विधेयकमा सरकारी लगानीको सार्वजनिक संस्थानको मोडेलमा 'वित्तीय सहकारी नियमन तथा सुपरिवेक्षण प्राधिकरण' गठन प्रस्ताव गरिएको छ । सरकारका सहसचिवहरू पदेन सदस्य हुने र उनीहरूकै बहुमत हुने गरी सहकारी प्राधिकरण बोर्ड गठन गर्ने प्रस्ताव गरिएको छ । प्राधिकरण अध्यक्ष नेपाल सरकारले नियुक्त गरेको व्यक्ति हुने तथा सञ्चालक समितिमा नेपाल राष्ट्र बैंकका एक कार्यकारी निर्देशक, सहकारी मन्त्रालयका सहसचिव, अर्थ मन्त्रालयका सहसचिव, सहकारी विभागका र जिस्ट्रार तथा दुई जना विज्ञ सदस्य सरकारले नियुक्त गर्ने प्रस्ताव छ ।

'प्रस्तावित सहकारी प्राधिकरणको गठनमै समस्या छ । जसरी पदेन सदस्यका रूपमा नेपाल सरकारका विभिन्न मन्त्रालयका सहसचिव स्तरका कर्मचारी राखिएको छ, त्यसले यसको स्वायत्तता र प्रभावकारितामा योगदान गर्दैन,' राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापा भन्छन् । थापा राष्ट्र बैंक कार्यकारी निर्देशक हुँदा उनकै संयोजकत्वमा दोस्रो तहको नियामक सम्बन्धी अध्ययन भएको थियो । राष्ट्र बैंकले दोस्रो तहको नियामक सम्बन्धी कानुनको मस्यौदा पटक-पटक बनाए पनि त्यो गठनमा राजनीतिक तहबाट अवरोध हुँदै आएको छ ।

यसपटक सरकारले दोस्रो तहको नियामक बनाउन भनेर पुन: विधेयकको मस्यौदा तयार गरे पनि सहकारी सञ्चालकहरूकै स्वार्थमा त्यसलाई कमजोर बनाउने व्यवस्थाहरू प्रस्ताव गरिएको हो । 'विधेयकमा जस्तो किसिमको नियामक प्रस्ताव गरिएको छ, त्यो हेर्दा जुन उद्देश्य हासिल गर्न यो संस्था बनाउन खोजिएको हो, त्यो पूरा हुँदैन,' थापा भन्छन् ।

सहकारी मन्त्रालयका पूर्वसचिव डा. गोपीनाथ मैनाली पनि सरकारले प्रस्ताव गरेजस्तो बोर्ड रहेको एसटीआईले काम गर्न नसक्ने बताउँछन् । सहकारी प्राधिकरणमा योग्य र क्षमतावान व्यक्तिहरू रहेको पाँचजनाको बोर्ड बनाउनु उचित हुने, नेपाल सरकार र नेपाल राष्ट्र बैंकको एक-एक जना मात्रै प्रतिनिधि राख्नुपर्ने उनको धारणा छ । 'अत्यन्तै बलियो र क्षमतावान अध्यक्षबाहेक, एकजना चार्टर्ड एकाउन्टेन्ट, एकजना सहकारी क्षेत्र र कानुन बुझेको सदस्य बनाउनु उचित हुन्छ,' उनी भन्छन् ।

यस्तो संस्थाको अध्यक्ष सिफारिस समिति लोकसेवा आयोगको अध्यक्षतामा बनाउनुपर्ने र उसले एकजना मात्रै सिफारिस गर्ने कानुनी व्यवस्था गर्नुपर्ने उनको मत छ । 'शिक्षक सेवा आयोगको अध्यक्ष एकजना मात्रै सिफारिस हुन्छ, त्यसले राम्रो काम गरेको छ, लोकसेवा आयोगको संलग्नताविनाको सिफासिर समिति भयो र तीनजना सिफारिस गर्ने गरियो सरकारले आफ्ना कार्यकर्ता भर्ती गर्छ,' उनले भने । सरकारले प्रस्ताव गरेअनुरूप बोर्डसहित संस्था बनाउने हो भने त्यो नियामक नभएर अर्को सरकारी निकाय वा संस्थान जस्तो बन्ने राष्ट्र बैंकका अर्का पूर्वकार्यकारी निर्देशक भाष्करमणि ज्ञवाली बताउँछन् । 'अहिले सहकारी र जिस्ट्रारको कार्यालयले सहकारी नियमन गर्दै आएको छ । सरकारले जुन हिसाबको प्राधिकरण प्रस्ताव गरेको छ, त्यो पनि त्यसभन्दा फरक हुने देखिँदैन,' उनले भने । अहिले जनताको पैसा अपचलन गरिरहेका सहकारीहरूलाई अनुशासनमा बाँध्ने उद्देश्यले सहकारी नियामक प्रस्ताव गरेको तर प्रस्तावित विधेयकले भने त्यसो नगर्ने उनको भनाइ छ ।

'सहकारी प्राधिकरण त राष्ट्र बैंकजस्तो स्वायत्त हुनुपर्छ, यसको सञ्चालक समिति पनि स्वतन्त्र हुनुपर्छ, कर्मचारीहरू पनि स्वायत्त हुनुपर्छ,' उनले भने, 'तर, सरकारी कर्मचारीहरूको बहुमत भएको बोर्ड भएका संस्थाहरूले राम्रो काम गर्न सकेका छैनन्, राष्ट्र बैंकका एकजना कार्यकारी निर्देशक राख्दैमा त्यसले प्रभावकारी भूमिका खेल्दैन ।' प्रस्तावित सहकारी नियामकमा सरकार र राष्ट्र बैंकबाट एक-एक जना सञ्चालक राख्नुपर्ने तर त्यो उच्चस्तरको हुनुपर्ने उनको भनाइ छ ।

'नेपाल सरकारको एक जना सचिवस्तरको कर्मचारी र राष्ट्र बैंकको पनि डेपुटी गभर्नर तहको पदाधिकारी रहेको बोर्ड बनाउनु उचित हुन्छ, बाँकी अर्थशास्त्र, वित्त, व्यवस्थापन, कानुन तथा सहकारी क्षेत्रका विज्ञ भएको स्वतन्त्र सञ्चालक समिति बनाउनुपर्छ,' उनी भन्छन् ।

धितोपत्र बोर्ड वा बीमा प्राधिकरणजस्तो नियामक बनाएर सहकारी क्षेत्रको प्रभावकारी नियमन नहुने पूर्वसचिव डा. मैनालीको तर्क छ । अहिले सहकारी अभियन्ताहरूको प्रभावमा परेर कमजोर नियामकको कानुन मस्यौदा भएको हुनसक्ने मैनालीको तर्क छ । 'सहकारी अभियन्ताहरू यो क्षेत्र नियमन होस् भन्ने चाहँदैनन् । नियामक बनिहाल्यो भने पनि आफ्नो स्वार्थमा काम गर्ने खालको बनोस् भन्ने चाहन्छन्,' मैनाली भन्छन् ।

वित्तीय सहकारीहरूले मुलुकमा छाया बैंकिङ (स्याडो बैंकिङ) चलाइरहेका वित्तीय सहकारी नियमन गर्ने निकायको राष्ट्र बैंकसँगको सम्बन्ध कस्तो हुने भन्ने विधेयकमा कतै पनि उल्लेख छैन । नेपाल धितोपत्र बोर्ड वा बीमा प्राधिकरण जस्तो नेपाल सरकार अन्तर्गतको निकायजस्तो गरी प्राधिकरण प्रस्ताव गरिएको छ । तर, वित्तीय कारोबार नियमन गर्ने संस्थालाई राष्ट्र बैंकबाट अलग राख्नु नै गलत हुने सहकारी क्षेत्रका जानकार बताउँछन् । सहकारी ऐनले नै ५० करोडभन्दा बढी कारोबार भएको सहकारी संस्था नियमन राष्ट्र बैंकले गर्ने भन्ने व्यवस्था गरेको छ । तर, यो कुरालाई पनि विधेयकले सम्बोधन गरेको देखिन्न ।

(स्रोत: अनलाइनखबर)

विधेयक रोकिंदा प्रहरी नेतृत्व चयन अन्योलमा

काठमाडौं, २ पुस/ संसद्मा पेश गर्न तयार पारिएको प्रहरी विधेयकमा नेपाल प्रहरीमा विद्यमान ३० वर्षे सेवा अवधि हटाउने व्यवस्था छ । ९ मंसिरमा मन्त्रिपरिषद्मा पेश गरिएको उक्त विधेयक गत शुक्रबारको विधायन समितिले समेत पास गरिसकेको छ । ३० वर्षे सेवा अवधि हटाउने प्रक्रिया समेत उल्लेख गरिएको 'नेपाल प्रहरी सम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक' अब बस्ने संसदको बैठकमा प्राथमिकताका साथ पेश गर्ने गृहमन्त्री रमेश लेखकले बताएका छन् ।

कार्यान्वयनमा आएको मितिबाट ३ वर्षभित्र प्रहरीमा कायम रहेको ३० वर्षे सेवा अवधि पूर्ण रूपमा हटाउने विधेयकमा उल्लेख गरिएको छ । ऐन कार्यान्वयन भएको पहिलो आर्थिक वर्षमा ३० वर्ष सेवा अवधि पूरा हुने प्रहरी कर्मचारीको हकमा ६ महिना, दोस्रो आर्थिक वर्षमा एक वर्ष र तेस्रो आर्थिक वर्षमा १८ महिना सेवा थपिने उल्लेख छ । त्यसपछि भने ३० वर्षे सेवा अवधि पूर्ण रूपमा खारेज गरेर पदावधि र उमेर हदका कारण मात्रै अवकाश हुने उल्लेख गरिएको छ । विधेयकमा प्रहरी प्रमुख (आईजीपी) को पदावधि ४ वर्षबाट घटाएर ३ वर्षमा झारिएको छ भने उमेरहद ५८ बाट बढाएर ६० राखिएको छ ।

सामान्यतया विधेयक समितिबाट पारित हुने बेलामै कहिलेको मितिबाट लागु गर्ने भन्नेबारे उल्लेख गर्नुपर्ने हुन्छ । तर प्रहरीको भावी नेतृत्वको दबाबले परिवर्तित व्यवस्था कुन मितिबाट लागु गर्ने भन्ने समेत उल्लेख नगरी समितिले विधेयक पास गरेको छ । 'सामान्यतया: विधेयक समितिले पास गर्ने बेलामै लागु हुने मिति नै तोक्नुपर्ने हुन्छ । मिति तोक्दा प्रहरी नेतृत्व फेरबदलको गणित तलमाथि पर्ने भएपछि आफू अनकूल बनाउन प्रहरी कर्मचारीले दबाब दिंदा मिति नै उल्लेख नगरी पास गर्नुपर्ने अवस्था आयो,' गृहका एक कर्मचारी सुनाउँछन् ।

संसद् खुल्नासाथ विधेयक लगेर पास गराउने तयारी हुनु तर कार्यान्वयनमा कहिलेबाट आउँछ भन्नेबारे मिति समेत खुलाउन नसक्नुले तीन महिनापछिको प्रहरी नेतृत्व चयन नै अन्योल बनेको छ । प्रहरीमा यसअघिका उदाहरणहरू हेर्ने हो भने ६ महिना अघिदेखि नै महानिरीक्षक (आईजीपी) बन्न लबिङ र गृहकार्य हुँदै आएका छन् । तर यसपटक भने जम्माजम्मी आईजीपी वसन्तबहादुर कुँवरको पदावधि ३ महिना मात्रै बाँकी हुँदा उनकै निरन्तरता हुन्छ वा नयाँ आउँछन् भन्ने यकिन हुन सकेको छैन ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रयल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७०९४१५, ९८१७०२८४६१४, ९८४५९२७०५७

१५ औं वार्षिक साधारण सभासम्बन्धी सूचना !

यस संस्थाको मिति २०८१।०८।४ गतेका दिन बसेको संचालन समितिको निर्णय अनुसार १५ औं वार्षिक साधारण सभा तपसिलका विषयहरुमा छलफल गरी निर्णय लिन निम्न लिखित मिति, स्थान र समयमा गरिमामय उपस्थितको लागि सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई पत्र पठाइसकेको छ । कारणबस पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

सभामा प्रस्तुत हुने छलफलका विषयहरू:-

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत प्रगति प्रतिवेदन माथि छलफल गरी पारित गर्ने
२. कोषाध्यक्षज्यूद्वारा प्रस्तुत हुने लेखा परीक्षण तथा आर्थिक प्रतिवेदन पारित गर्ने ।
३. लेखा सुपरीवेक्षण समितिको संयोजकद्वारा लेखा समितिको प्रतिवेदन पारित गर्ने
४. कर्जा उप-समितिको संयोजकद्वारा प्रस्तुत प्रतिवेदन पारित गर्ने ।
५. आ.व. २०८१।०८२को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. शेयर, लाभांश र संरक्षित पुँजी फिर्ता कोषको रकम वितरण गर्ने सम्बन्धमा
७. निर्णय पुस्तिका प्रमाणीकरणका लागि १० जना प्रतिनिधि चयन सम्बन्धमा ।
८. विविध सम्बन्धमा ।

कार्यक्रम :-

मिति :- २०८१ पौष ६ गते शनिवार
स्थान :- गोरक्षेश्वर दिव्य धाम सभाहल, राप्तीतट हेटौंडा-१०
उपस्थित समय :- विहान ११ बजे

नोट : *परिचय पत्र सहित उपस्थित हुने शेयर सदस्यलाई यातायात खर्चको समेत व्यवस्था गरिएकोछ । मासिक बचत अनिवार्य गरिएको छ ।*

कविन्द्रराज भट्टराई (सचिव)

युसेस बचत तथा ऋण सहकारी संस्था लि.

हेटौंडा-४, पारिजातपथ, मकवानपुर

फोन : ०५७-५२४४४७

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना